नेपाली

# कबीर

प्रभाकर माचवे



N
811.21
K 112 M

भारतीय
साहित्यका

N
811·21
K 112 M

यो पुस्तिकाको शुरूको र अन्तिम पृष्ठमा तीन भविष्यवक्ताहरूले भगवान बुद्धकी आमा रानी मायाको सपनाको व्याख्या राजा शुद्धोधनलाई गरिरहेको दृष्य देखाइएको छ जो मूर्तिकलाबाट नकल गरिएको हो। तिनीहरूका मुन्तिर बसेर लेखनदासले ती व्याख्याहरू लेखिरहेछन्। यो भारतमा लेखन कलाको सम्भवतः सबै भन्दा पुरानो प्राप्य चित्रमय अभिलेख हो।

नागार्जुनकोण्डबाट, दोस्रो शताब्दि ख्रिष्टाब्दको
सौजन्य : राष्ट्रिय संग्रहालय, नयाँ दिल्ली

भारतीय साहित्यका निर्माता

# कबीर

लेखक

प्रभाकर माचवे

अनुवादक

गिर्मी सेर्पा

साहित्य अकादेमी

**Kabir** : Nepali translation by Girmee Sherpa of Prabhakar Machwe's monograph in English. Sahitya Akademi, New Delhi (1996), Rs. 15.

© साहित्य अकादेमी
प्रथम संस्करण : १९९६

Library IIAS, Shimla
N 811.21 K 112 M
00116971

**साहित्य अकादेमी**

**प्रधान कार्यालय**

रवीन्द्र भवन, ३५, फ़िरोज़शाह मार्ग, नयाँ दिल्ली ११० ००१
विक्रय विभाग : 'स्वाति', मन्दिर मार्ग, नयाँ दिल्ली ११० ००१

**क्षेत्रीय कार्यालय**

जीवन तारा भवन, चौथो तला, २३ए/४४ एक्स,
डायमण्ड हार्बर मार्ग, कलकत्ता ७०० ०५३
गुणा भवन, दोस्रो तला, ३०४–३०५, अन्ना सलाई, तेनामपेट, मद्रास ६०० ०१८
१७२, मुम्बई मराठी ग्रन्थ संग्रहालय मार्ग, दादर, बम्बई ४०० ०१४
ए डी ए रंगमन्दिर, १०९, जे. सी. मार्ग, बैंगलोर ५६० ००२

मूल्य : पन्द्रह रुपियाँ

Indian Institute of Advanced Study Library Shimla
116971
8/12/04

ISBN 81-7201-984-X

N 811.21 K112 M

टाइपसैटिंग : ज्योति लेज़र टाइपसैटिंग, दिल्ली ११० ०९२
मुद्रक : कलरप्रिंट, दिल्ली ११० ०३२

# प्राक्कथन

यो सानो पुस्तिकामा साथी डा. प्रभाकर माचवेले १५ औं शताब्दिका धार्मिक गुरु कबीरको राम्रो विवरण दिनु भएको छ। तिनताक हिन्दू र इस्लाम धर्मबीच झगड़ा थियो। यो दुवै धर्मका अर्थहीन धर्मकाण्ड र रुढ़िहरूका आलोचना र भत्सर्ना गर्दै अनि दुवै धर्मका लक्ष्य एउटै हुन् भन्दै उनले यो महान धर्मलाई निकटमा ल्याउने प्रयास गरे। कबीर रामभक्त भए तापनि उनले रामलाई न त बिष्णु भगवान्को अवतार ठाने न त त्यस्तो कुनै गुण भएको व्यक्ति सत्ता नै। उनका 'राम' मुसलमानको 'रहीम' भन्दा भिन्न थिएनन्। उनका व्यवहारिक उपदेशले कठोर नैतिक आचरणमा जोड़ दिए अनि अन्धविश्वासको खण्डन गरे। रामप्रतिको प्रेम र उत्सर्गमा उनका भाषा मधुर छन् भने सामाजिक सुधारमा ती अति कठोर र उत्तेजक भएको छ। नानक तथा अन्य शिख गुरूहरूले उनको सम्मान गर्थे। उनले हिन्दू जातिप्रथाको अत्यन्त विरोध गरे। मूर्ति–पूजा, अवतारबाद, तीर्थयात्रा, पवित्र नदीमा स्नान गर्दा मोक्ष पाइन्छ भन्ने जस्ता धारणाहरूका तीब्र आलोचक थिए उनी। मुसलमानको परम्परागत मस्जिद्प्रतिको धारणा, सुन्नत, आजन, नमाज, रोजा अनि त्यस्तै अरु चलनको पनि उनले आलोचना गरे।

कबीरको कवितालाई महान बनाएका छन् उनको व्यक्तिगत आध्यात्मिक अनुभवको गहिराइ, विचारको गाम्भिर्य्य जुन उनले सरल र सहज भाषामा व्यक्त गरे। उनी अर्थहीन मतको आलोचना गर्दा आक्रमक हुन्थे तर कुटूता मुक्त। जब उनी परम् ईश्वरीय प्रेममा लीन हुन्थे तब उनी सर्बोत्तम अवस्थामा हुन्थे। *'सुन साथी हो, उसैले बुझ्छन् जसले प्रेम गर्दछन्। यदि तिमी आफ्नो सखाको अतिप्रियप्रतिको चाहना बुझदैनौ भने यो शरीर धारण गर्नु व्यर्थ छ, तिम्रो आँखाको पटलमा लेप लगाउनु व्यर्थ छ।' 'ईश्वरबाट अलग हुनुको पीढ़ा सर्पजस्तो हो, जो यो शरीरमा बस्छ अनि त्यसलाई फ्याक्न सकिन्न, जो रामबाट विमुख हुन्छ, त्यो बाँच्न सक्तैन यदि कोही, बाँच्छ भने त्यो पागल हुन्छ।'*

परम् सत्ताप्रतिको प्रगाढ़ प्रेमको यस प्रकारको धारणा सूफीहरूले प्रचार गरेको प्रेम जस्तै छ।

कबीरले रुढ़िवादी कर्मकाण्ड र अन्धविशासप्रति जनाएको तीब्र असहमति नाथ योगीहरूबाट लिए पनि ती योगीहरूलाई पनि उनले आलोचना गर्न चुकेका छैनन्। उनले सोच्थे कि ती योगीहरूले भक्तिलाई चट्ट भूलेर हठयोगको कर्मकाण्ड पक्षलाई अनुचित महत्व दिएका थिए। उनले 'सहज समाधि' अथवा ईर्श्वरसितको एकात्मकतालाई जोड़ दिए :

*मेरा आँखा र कानहरू खुल्ला राखेर*
*म आफूलाई निःस्प्राण हुन दिन्न*
*म यी आँखाहरूले हेर्छु अनि मुस्कउँछु*
*अनि देख्छु सबैतिर दैवी मुस्कान।*

उनको धारणा अनुसार, दैवी प्रेमका निम्ति सम्पूर्ण अहंकारी प्रवृतिहरूको समर्पण हुनु प्रथम अवश्यकता हुन्छ। उनी भन्छन् *"यो कसैको छ्यामा या ठूली आमाको घर होइन जहाँ आँशु बगाउनाले सबैकुरा पाइन्छ, यहाँ उनीहरू मात्र प्रवेश गर्न सकछन् जो पहिला नतमस्तक हुँदछन्।"* ई. अण्डरहील अनुसार कबीरको दिव्य अनुभवको धारणा मूलतः कार्यप्रधान छ। गाति अनि बेगको प्रतीक र संकेतहरूले उनी हामीसम्म आइपुग्छन् जस्तै *'नाँच्नु'* अनि *'प्रेमको बन्धनले विश्वको चिरन्तर झूला झूल्नू'* आदिको अद्भूत एवम् आधुनिक विम्ब–चित्र कबीरमा पाइन्छ।

मध्य कालीन भारतको साहित्य अनि जन–जीवनमा कबीरको गहिरो प्रभाव परेको छ। हिन्दीमा उनको व्यक्तित्वको महानताको तुलना भक्ति कालका भक्त कवि तुलसीदाससित मात्र गर्न सकिन्छ।

डा. माचवेको यो पुस्तिकाले सन्त–कवि कबीरको धार्मिक सौहार्द, भातृत्व–प्रचार, समाज सुधार अनि गहन साहित्यिक देन छर्लङ्ग पारेको छ। यो सर्वधर्म तथा श्रेष्ठ साहित्यलाई मन पराउनेहरूले यसलाई निःसन्देह स्वागत जनाउने छन्।

पंजाब विश्वविद्यालय,
चंडीगढ़–१४
२० अक्टोबर १९६७

हजारी प्रसाद द्विवेदी
(भारतीय साहित्यको रवीन्द्रनाथ
ठाकुर विषयको प्राध्यापक)

# विषय—सूची


| | |
|---|---|
| जीवनी | ६ |
| दर्शन | २० |
| कविता | ३२ |
| अनुवादहरू | ४१ |
| कबीरका दोहाहरू | ५१ |
| पुस्तक सम्बन्धी अन्य विवरण | ५३ |

# जीवनी

कबीरको जीवन सम्बन्धी तथ्यहरूमा एक रूपता देखिन्न। इतिहासकारहरू, साहित्यका विद्वानहरू साथै कबीर पन्थीहरूका आ–आफ्ना मत छन् अनि कबीरले आफ्नो विषयमा अत्यन्त कम लेखेका छन्। तथापि, उपलब्ध स्रोतहरूका आधारमा अनि जनश्रुतिसम्मलाई लिएर जीवनी तयार गर्ने प्रयास गरिएको छ।

कबीरको एक पदमा जयदेव अनि नामदेव उनका गुरु भएका उल्लेख गौणरुपमा पाइन्छ। जयदेव बाह्रौं शताब्दिका अनि नामदेव तेह्रौं शताब्दिका थिए। सन् १५९६ सालमा लिखित ***'आइन–ए–अकबरी'***–मा स्वर्गीय परम्–पावन व्यक्तिहरूमा कबीर पनि एक थिए भनेका छन् अनि अर्कातिर मौलवी गुलाम सरवार आफ्ना ***'खजीनात–उल–आसफिया'***–मा कबीरको जन्म वर्ष सन् १५९४ भन्छन्, जो गलत छ। कबीर पन्थीहरूको प्रसिद्ध ग्रन्थ ***'कबीर चरित बोध'***–मा सन् १३९८ जन्मसाल भनी लेखिएको छ। त्यो पनि ठीक हुन सक्ने देखिन्न। कबीर सायद पन्ध्रौं शताब्दिमा जन्मिएका हुन् भनी केही हदसम्म किटान गर्न सकिन्छ। यो कुरा कबीर सिकन्दर लोदीका समकालीन थिए अनि उनीहरूको भेट भएको थियो भन्ने कुरा जनश्रुतिसित मिल्न जान्छ। बीग्स् अनुसार सिकन्दर लोदी सन् १४९८ सालमा काँशी आएका थिए। भारतीय पुरातत्व सर्वेक्षण अनुसार बिजली खाँले सन् १४५० मा आमी नदीको तीरमा कबीर शाहको समाधि बनाएका थिए। डा. राम कुमार वर्मा तै पनि भन्नु हुन्छ कि बिजली खाँले सामधि होइन तर कबीरको स्मृतिमा भवन निर्माण गरेका थिए। अनि पुरातत्व विभागको सर्वेक्षणमा दिएको साल अनुमानित हो।

कबीर साधारणतः रामानन्दका अनुयायी थिए भन्ने विश्वास गरिन्छ, यद्धपि डा. भण्डारकर अनि डा. मनमोहन सिंह यो विश्वासलाई अनुमोदन गर्दैनन्। ग्रियर्सन अनुसार रामानन्दको जन्मसाल सन् १२९८ हो, तर फर्कुहर अनि केइले सन् १४०० अनि १४६० बीचको भन्छन्। डा. गोविन्द त्रिगुणायतको निर्णय अनुसार कबीर १३९८[१] मा जन्मेका थिए। यी सब परस्पर विरोधी मतहरूले देखाउँछ कि यसमा दृढ निश्चयी हुनु अविवेकी हुन्छ।

*'कबीर'* नाँउ दिने एउटा काजी थिए जसले कुरानमा यो अरबी शब्द पाए जसको अर्थ हो 'महान'। कबीरले आफ्नो एउटा दोहामा भनेका छन्:–

---

१. कबीर की विचारधारा, दोस्रो संस्करण, पृ. २८

*कबिरा तू ही कबीरू तू तोरे नाम कबीर।*
*राम रतन तब पाइये जद पहिले तज शरीर।*[1]

*[ तिमी महान छौ, तिमी त्यही हौ, नाम तिम्रो कबीर। राम रत्न तबमात्र पायौ जब शारीरिक मोह त्याग्यौ ]*

कबीरको जन्म स्थल सम्बन्धी तीन मतहरूछन्–

आजमगढ़का मगहर, काँशी अनि बेलहरा गाउँ। मगहरको पक्षमा कबीरले आफ्नो रचनाहरूमा यो गाउँको प्रसंग उठाएको तर्क आउँछ। उनले लेखेका छन् कि उनले काँशी भन्दा पहिला मगहर देखेकका थिए अनि उनको मृत्यु हुन अघि त्यहाँ फर्केका थिए। मगहर काँशी नजिक छ अनि माथि भनिएको कबीरको समाधि त्यही छ।

यो सत्य हो कि कबीरले आफ्नो जीवन प्रायः काँशीमा बुनकरकोरूपमा बिताए अनि धेरै जसो कबीर–पन्थी पुस्तकहरूमा यस कुरोलाई मानिएको छ। यसबाहेक, कबीर काँशीमा जन्मेका हुन भन्ने तथ्य पाउन सकिन्न। कबीर बेलहरामा जन्मेका थिए भन्ने उल्लेख **'बनरास ग्याजेट'**–मा छ। यसैकारण उनी लहरतारामा जन्मेका हुन् भन्ने जनश्रुति छ। तर यस कुराको पुष्टिको निम्ति आजमगढ़ जिल्लामा न त कुनै भर पर्दो प्रमाण छ न त कबीर सम्बन्धी कुनै स्मारक छ न त उनका अनुयायीहरू नै छन्।

कबीरका माता–पिता अनि उनको जातका विषयमा पनि धेरै मतहरू छन्। उनी दिव्य ज्योतिबाट जन्मेका अथवा लहरतारामा कमलको फूलमा पाइएको कुरा नपत्याए पनि उनी विधवा ब्राह्मणीबाट जन्मिएको (अज्ञात पिता) अनि त्याग गरिएको बालक जसलाई नीरु र नीमा बुनकर मुसलमान दम्पतिले पालेका या तिनीहरूबाट जन्मिएको भन्ने चाखलाग्दा दुइ कथाहरू छन्। सानै छँदा नै उनका माता–पिताको स्वर्गवास भएको कुरा उनको कविताबाट बुझिन्छ।

कबीरका जातका विषयमा तीन मतहरू प्रचलित छन्। उनले आफ्नो लेखाइमा आफूलाई *'जोलाहा'* अनि *'कोरी'* भन्छन। *'जोलाहा'* को अर्थ हो बुनकर अनि वाराणसीमा प्रायः जसो बुनकर मुसलमान छन्। *'कोरी'* पनि एक प्रकारको बुनकर नै हो अनि तिनीहरूलाई उत्तर प्रदेशमा निम्न जातिको मानिन्छ। डा. हजारी प्रसाद द्विवेदी अनुसार, कबीर *'जुगी'* वा *'जोगी'* जातिका थिए, (कबीर आफ्ना पिता गोसाई भन्छन्), ति बुनकर थिए अनि इस्लाम भएका थिए। तिनीहंरू जाति बन्धनबाट पर घुमन्ते–फिरन्ते नाथपन्थका अनुयायी थिए। भारतमा मुसलमानको राजत्वकालमा तिनीहरू धेरै जसो इस्लाम भए तर तिनीहरूको अधिको स्वभाव र बिचारधारा परिवर्तन भएन। आफ्नो पक्षमा

१. कबीर ग्रन्थावली (सं.) श्यामसुन्दर दास, पृ. २६२

डा. द्विवेदी निम्नलिखित तर्कहरु पेश गर्छन्—कबीर आफैलाई जोलाहा भन्थे तर उनले कहिले पनि आफूलाई मुसलमान भनेनन्। जहिले पनि उनी आफूलाई न त हिन्दू न त मुसलमान भन्छन्, उनी आफूलाई चार वर्णको निम्न जाति भन्थे। कबीरले आफ्नो एउटा कवितामा लेखेका छन् कि 'जोगी', हिन्दू र मुसलमान छुट्टै र भिन्न जाति समूह हुन् :—

*जोगी गोरख गोरख करई, हिन्दू राम—नाम उच्चराई।*
*मुसलमान कहे एक खुदाई*
*कबिरा कौ स्वामी घाट घाट रह्यो समाई।*[1]

[ जोगीहरू भन्छन् गोरख, हिन्दू भज्छन् राम—नाम, मुसलमान भन्छन् खुदा, तर कबीराका स्वामी त प्रत्येक प्राणीमा व्यप्त छन् ]

कबीरको मृत्युपछि उनको अन्तिम संस्कार बारे उनका हिन्दू र मुसलमान अनुयायीहरू माझ विवाद भयो—हिन्दूहरू दाह—संस्कार गर्न चहान्थे भने मुसलमानहरू लासलाई दफनाउनु चहान्थे (दन्तकथा यस्तो छ कि कबीरको मृत शरीर फूलमा परिवर्तन भयो जुन दुवै पक्षले आपसमा बाँड़े)। अनि उनका दुइ गुरूहरू थिए रामानन्द र शेंख तकी। यसले यो बुझाउँछ कि कबीर कुनै कट्टर धार्मिक विचारधारा भएको घरमा जन्मेका थिएनन्। उनी दुवैको हठ्धर्मिताको आलोचना गर्न सक्थे अनि सर्बोपरि सत्ताको कुरा गर्थे त्यसैकारण उनी कुनै पनि पक्षको नहुनुमा प्रशस्त कारण थिए।

कबीरका शिक्षा र शिक्षार्थीहरूमा पनि धेरै अनुमानहरू छन्। उनले कुनै पनि स्कूलमा पढ़ेनन्, भाषा वा दर्शन वा तानबुनाइको कुनै तालिम पाएनन्, भन्ने कुरामा सबै सहमत छन्। डा. मोहन सिंह अनुसार कबीरले गुरू शब्द भगवानको निम्त प्रयोग गरे अनि उनलाई तात्विक अनि अध्यात्मिक क्षेत्रमा अग्रसर गराउने कुनै गुरू थिएन। उनलाई वास्तवमा *'निर्गुरे'* अथवा गुरूनभएको भनिन्थ्यो। उनको दार्शनिक विचार अन्तरदृष्टिको उपज थियो भने अध्यात्मिक ज्ञान आफैले अर्जन गरेका थिए। मालकम, वेस्टकोट अनि डा.आर.एस्. .त्रिपाठीका विचारमा गुलाम सरवारले **'खजीनत—उन—असाफिया'**—मा भने जस्तै कबीरका गुरू शेंख तकी थिए। सूफी बिचारसित सम्बन्ध भएको प्रत्यक्ष प्रमाणहरू कबीरका लेखाइमा नपाइए तापनि उनी यो विचारधाराबाट अत्यन्त प्रभावित थिए। यही कुरा उनको रामानन्दसितको सम्बन्धमा भन्न सकिन्छ किन भने कबीरले कहिले पनि यसको प्रसंग उठाएनन् अनि भन्थे *'मेरा गुरू बनरासमा छन्'*। रामानन्द र कबीरका उपदेशहरू धेरै मिल्दा जुल्दा छन्। **'दविस्तान—ई—त्वारीख'**—का लेखक मोहसिन फनी अनि *'भक्त—माल'*—को लेखक नाभादास अनि त्यस्को टिकाकार प्रियदास

---

१. इबिड. पृ. २००

अनुसार रामानन्द कबीरका गुरू थिए।

कबीरको पारिवारिक जीवन सुखमय देखिन्न उनी ईश्वरको साँचो भक्त भए तापनि उनले संसारिक वन्धनलाई भ्रम ठानेनन् अनि आफ्नो परिवारको लालन–पालनको निम्त परिश्रम गरे। प्रचलित कथन अनुसार लोइ उनकी पत्नी थिइन् जसका माता–पिता बारे कसैलाई थाहा थिएन। कहिले अनि कसरी उनीहरूको विवाह भयो त्यो पनि रहस्यमय छ। कबीरको लेखनको आधारमा डा. राम कुमार वर्मा भन्छन् कि कबीरका दुइवटी पत्नीहरू थिए। एउटी साधारण अनि अर्की राम्री थिइन्। कान्छी स्वास्नीकी नाउँ धनिया वा रामजनिया थियो। शिष्ट भाषामा नाँच्ने स्त्रीहरूलाई रजनिया भनिन्छ। डा. वर्मा अनुसार कबीरकी कान्छी स्वास्नी दरबारकी नर्तकी हुन सक्छिन्। कबीर–पन्थीहरूले यस कथनलाई स्वीकार गर्दैनन् अनि निको पनि मान्दैनन्।

कबीरको छोरोको नाउँ कमाल अनि छोरीको नाउँ कमाली थियो भन्ने कुरा प्रायः सबैले स्वीकार गर्छन्। यो भनिन्छ कि उनका छोरो अनि स्वास्नी लोइले कबीरका अध्यात्मिक कुरालाई असल ठानेनन्। यो कबीरको लेखाइमा प्रष्ट छ जसमा उनी आफनी स्वास्नीलाई कुरूपा, कुजाति, अलच्छिनी भन्थे। घरमा अन्न नभएर चाना खाएर बाँच्नु पर्ने स्थितिमा पनि कबीरले किन साधु अतिथिहरू घरमा ल्याउछन् भनी स्वास्नीले पनि गुनासो गर्थीन्।

कबीरले तान बुन्ने काम गरे तापनि अनि यो पुस्तैनी पेशा भए पनि उसलाई यो पेशामा आकर्शण थिएन। तान, ताना–बाना, दोलाइ, सटल अनि धागो कात्ने चर्खा उनको पेशामा प्रयोग हुने वस्तुहरू रूपक को रूपमा उनको कवितामा धेरै पाइन्छन् तापनि उनी दर्शन, ईश्वरको उपासनामा बड़ी झुकेको पाइन्छ अनि उनी आफ्नो ग्राहकहरूमा भन्दा बड़ी ईश्वर प्राप्तिको ध्यानमा हुन्थे :–

तानाना बुनना, सुभ तज्यौ है कबीर।
हरिका नाम लिखि लियौ सरीर।।[१]

*[ कबीरले धागो कात्ने, तान बुन्ने काम त्यागे ! शरीर भरी हरिको नाउँ लेखे। ]*

कबीर धेरै जग्गा डुलेका पवित्र व्यक्ति थिए। उनले आफ्नो एउटा दोहामा लेखेका छन् *" म धेरै पल्ट हज अनि मक्कामा पुगें।"* उनी ती स्थानहरूमा साँच्चै पुगे कि पुगेनन् शंकाजनक छ अथवा यो कवितामय उच्छवास मात्र थियो। सत्य भन्दा बड़ी यो प्रतीकात्मक रूपले आफ्नो प्रतिवादीहरूलाई चुप बनाउने मेलो मात्र हुन सक्छ। तर उनले भारतका धेरै घर्मस्थलहरू भ्रमण गरेका प्रमाणहरू पाइन्छन्। आचार्य क्षितिमोहन सेनले कबीर गुजरात पुगेका उल्लेख गरेका छन्। *'खुलासातुत्वारीख'*–मा

१. कबीर वाङ्मय (सं.) डा. जयदेव सिंह, डा. वासुदेव सिंह, पृ. १३६

कबीर रत्नपुर पुगेको कुराको उल्लेख छ। *आदिग्रन्थको* एउटा पद्यमा उनी तीर्थ घुम्न गोमती किनार पुगेको अनि त्यहाँ मुसलमान धर्मात्मा पीताम्बर पीर भएको कुराको उल्लेख गरिएको छ :

*हज् हमारी गोमती तीर, जहाँ बसै पीताम्बर पीर।*[1]

*[ मेरो हज् हो गोमती तीर जहाँ बस्छन् पीताम्बर पीर ]*

**''आइने–अकबरी'**–मा कबीर जगन्नाथपुरी पुगेको अनि मराठा जातिको इतिहासमा दक्षिण महाराष्ट्रको पंढपुरसम्म पुगेको कुरा छ। कबीरपन्थीहरूको प्रिय पुस्तक **'कबीर मन्सूर'**–मा कबीर बागदाद, समरकन्द र बोखरा गएको कुराको उल्लेख छ। तर यो पनि ऐतिहासिक सत्य भन्दा बड़ी काल्पनिक देखिन्छ। ऐतिहासिक रूपमा यी स्थानहरू प्रख्यात अनि प्रसिद्ध फारसी सूफीहरूसित सम्बन्धित भएकोले कबीर यी स्थानहरूमा पुगे भन्ने कुरा युक्ति संगत लाग्दछ।

कबीरलाई जीवन–कालमा सम्मान प्राप्त भएन। वास्तवमा कुजातिमा जन्मेकोले उनको उपेक्षा मात्र नगरेर उपदेशक भएकोमा मानिसहरूले खिल्लि उड़ाए, शारीरिक रूपमा दुरव्यवहार पनि गरे। उनको पद्यबाट मानिसहरूले उनको हात पछिल्ल तिर बाँधेर, साङ्लो लगाएर कुट–पिट गरेको कुरा चाल पाइन्छ। एउटा कथा अनुसार, सिकन्दर लोदील्ले उनीमाथि अत्याचार गरे भन्ने कुरा अनन्तदासको **'परचै'**–मा उल्लेख छ। जी॰ एच॰ वेस्टकोटको पुस्तक **'कबीर एण्ड कबीर पन्थ'**–मा हिन्दू अनि मुसलमान दुवैले उनलाई कष्ट पुऱ्याएको वर्णन यी शब्दहरूमा छन्:

*''सामाजिक रूढ़िलाई नमान्ने अनि सोझो बोल्ने कबीरका थुप्रै शत्रुहरू थिए। कबीरपन्थी परम्परा अनुसार शेंख तकीले नै मुसलमानको भवनालाई प्रकट गरे। प्रख्यात पीर, सिकन्दर लोदी कहाँ आएर कबीरले उनमा दैवीगुण भएको दाबी गरे भनी आरोप लगाए। कबीरलाई यस्तो कार्यमा फाँसो पनि दिन सकिन्छ भने। कबीरलाई बन्दी बनाउने हुकुम सम्राटले दिए अनि दरवारमा हाजिर गराउन भनी सिपाहीहरू पठाए। कबीरलाई लिन गएकाहरूले उनलाई कुनै प्रकारले राजी गराएर लैजाँदा धेरै अबेर भएको थियो। कबीर सम्राटको अधि चूप लागेर उभिए। यस्तो व्यवहार देखि काजीले कराएर भने '' ए काफिर! तँ किन सम्राटलाई सलाम गर्दैनस् ?'' यसको उत्तरमा कबीरले भने ''जसले अरूका पीढ़ा बुझ्छन् ती पीरहरू हुन् अनि जसले बुझ्दैनन् ती काफिरहरू हुन्।'' सम्राटले सोधे ''तँलाई बिहानै हाजिर हुनु भनेको थिएँ किन बेलुकीसम्म पनि हाजिर भइनँस् ?'' यसको उत्तरमा कबीरले भने कि उनले एउटा दृष्य देखे त्यसैले उनलाई भुलायो। सम्राटले सोधे त्यो कस्तो दृष्य थियो जसले सम्राटको हुकुमको पनि*

---

१. कबीर ग्रन्थावली (सं.) डा. श्यामसुन्दर दास, पृ. ३३०

*तामिल हुन दिएन। कबीरले भने " म ऊँटको ताँत सियोको नाथ्री भन्दा सानो गल्लीबाट जाँदै गरेको दृष्य हेर्दै थिएँ।" सम्राटले भने यो फटाहा हो। कबीरले उत्तर दिए "हे सम्राट ! स्वर्ग र नर्कबीचको दूरत्व कति छ सो बुझनु होस्, घाम र जूनबीचको खाली ठाँउमा अनगन्ति हात्ती र ऊँटहरू अटाँउन सकिन्छ अनि ति सबैलाई आखाँको नानीले जो सियोको नाथ्री भन्दा सानो हुन्छ, देख्न सकिन्छ।"*

यो कुरोबाट सन्तुष्ट भएर सम्राटले कबीरलाई छोड़िदिए।

सनातनी ब्राह्मणहरूले उनलाई नास्तिक भने अनि उनको घृणित आइमाईसित साँठ–गाँठ भएको कुरा फैलाए। यसमा सम्राटले कबीरलाई फाँसीको हुकुम दिए। उनलाई एउटा नौकामा साङ्लोले बाँधेर त्यसमा ढुङ्गा भरिदिए। नौका ढुब्यो। तर कबीर बालकको रूपमा चितुवाको छालामाथि बसेर बग्दै गरेको देखाह परे। उनलाई फेरि पनि पक्रेर जिउँदै जलाउने कोशिष गरियो तर त्यो पनि असफल भयो। त्यसपछि उनलाई टुना–मुना गर्ने मान्छे हो भन्ने आरोप लगाइयो अनि मानिसहरूले उनलाई पागला हात्ती को खुट्टाले किच्याएर मार्नुपर्छ भन्ने मांग गरे। कबीर र हात्तीको बीचमा सिंह देखाह पर्‍यो जसको डरले हात्ती भाग्यो। यस्ता धेरै कथाहरू कबीरका विषयमा प्रचलित छन्। कबीरका अनुयायीहरूले यस्ता धेरै किंबदन्तिहरू संगालेका छन्।

कबीरको मृत्युको विषयमा चार विभिन्न मतहरूछन्; कसैले सन् १४४७ कसैले सन् १५११ कसैले सन् १५१७ साल भन्छन्। अनन्तदास अनुसार, कबीर १२० वर्ष बाँचे। धर्मदासले कबीरका कृतिहरू आफ्नो जीवन कालमा संग्रह गर्न थाले। पहिलो संग्रह सन् १४६३ मा तयार भएको अनुमान गरिन्छ। डा. श्याम सुन्दरदास अनुसार, कबीरको मृत्यु १५१७ मा भएको बुझिन्छ। सर डब्ल्यू. डब्ल्यू. हन्टरले आफ्नो पुस्तक "**इण्डियन एम्पायर**"(१८९२)–मा कबीरको जीवनकाल सन् १३८० देखि १४२० ठानेका छन्। डा. हरिप्रसाद शास्त्री भन्छन् यो १३६८ देखि १५१८ साल हो।

यस्तो आश्चर्यलाग्दो कबीरको जीवन विषय साह्रै कम प्रमाण र तथ्यहरू प्राप्य छन्। निःसन्देह ती तथ्य र प्रमाणहरू अस्पष्ट र कम छन्। कबीरको कविता र दर्शनले हिन्दी साहित्यलाई मात्र होइन तर उत्तर भारतको जनमानसमा शदियौंसम्म गहिरो छाप छाड़ेको कुरलाई ध्यानमा राख्दा कबीर प्रारम्भिक हिन्दी साहित्यका गीति कवि र रहस्यवादी कवि थिए। *'उनलाई १५ औं शताब्दिको भारतीय 'लुथर' भनिन्छ। उनलाई हिन्दी भक्ति साहित्यको जनक मान्न सकिन्छ। उनी अनि उनका उत्तराधिकारीहरूले इस्लामको कठोर एकैश्वरवाद र मूर्ति–पूजा विरोधी बिचारलाई र हिन्दू धर्म सम्प्रदायका जति पनि राम्रा कुराहरूलाई एक गर्ने कोशिष गरे। राजा राममोहन रायले जस्तै उनले पनि हिन्दू र इस्लाम धर्मका राम्रा राम्रा कुराहरू बटुलेर एउटा संयुक्त धार्मिक सम्प्रदाय बनाउने चेष्टा गरे। उनले आफ्नो उपदेश उपनिषद्को अद्वैतवाद को आधारमा बनाए।*

*उनी महान गवैया, अवधूत अनि अद्वैतवादको अधिवक्ता थिए।' (बिसप वेस्टकोटको पुस्तक (१९०७) को प्रथम संस्करणको प्रकाशकको टिप्पणीबाट)*

कबीरका धेरै चित्रहरू पाइन्छन् तर कुनै पनि समकालीन देखिन्न। यो कस्तो अचम्भ लाग्दो संयोग हो भारतको प्राचीन अनि मध्यकालीन महान कविहरू र साहित्यकार हरूका विश्वसनीय चित्र तथा मूर्तिका अभिलेखहरू साह्रै कम प्राप्य छन्। कालीदास अथवा ज्ञानेश्वर, तिरूवल्लुवर अथवा नामदेव, चैतन्य वा जयदेवका समकालीन चित्रहरू उपलब्ध छैनन्। त्यसैकारण कबीरका जति चित्रहरू प्राप्य छन् त्यसमा सबै भन्दा पुरानो ब्रिटिस संग्राहालयमा सुरक्षित छ, जसको एउटा नकल कलकत्ताको भारतीय संग्राहालयमा पनि पाइन्छ। ब्रिटिस संग्राहालयमा प्राप्त चित्र १७ औं शताब्दिको उत्तरार्द्धको मुगल लघुचित्र भनी अनुमान गरिन्छ। यो चित्रमा सन्त–कविलाई तानको छेउमा बसेको, अर्ध नग्न, जपमाला लगाएको देखाइएको छ, यस्तो माला आज पनि धेरै भक्तहरूले लगाउँछन्। दुइ भक्तहरू उनका दुइतिर बसेका छन्, जसमा एउटाले फूलको माला गलामा लगाएको छ अनि अर्को जो मुसलमान हुन सक्छ हातमा वाद्य लिएको छ। यो चित्रमा कबीरको दाह्री देखइएको छैन। गुरू अर्जुनदेव गुरुद्वारको चित्रमा दाह्री भएको कबीरले तान बुन्दै गरेको देखाइएको छ। कबीर चौरा, बनारसमा भएको चित्र अनि *'रामानन्ददेखि रामतीर्थसम्म'* अनि *कबीर वचनावलीमा* प्रकाशित चित्रहरूमा उनलाई सूफी सन्त झै हातमा जप–माला लिएको अनि फकिरको चुच्चे टोपी लगाएको दर्शाइएको छ। उनको कान छेड़िएको अनि नाथपन्थी जोगीहरूले झैं कुण्डल लगाएको देखाइएको छ। चित्रशाला, पुनाबाट प्रकाशित चित्र धेरैपछिबाट तयार गरिएको हो र यसले कबीरलाई हिन्दू साधु झैं देखाइएको छ। यी सब चित्रहरूबाट कबीर कस्ता थिए, कस्ता देखिन्थे, कस्ता लुगा लगाउथे आदिको अनुमान लगाउन चर्कोपर्छ। यो हुनसक्छ निराकार ईश्वरको समर्थक कबीरले आफ्नो कुनै चिन्हारी राख्न चाहेनन्– *"आकृतिरहित नाँउमात्र राखे।"*

यही सन्दर्भमा कबीरका जीवन वृतान्तका सबै स्रोतहरूलाई उल्लेख गर्नु असल हुन सक्छ। लगभग सन् १५०० मा रचना गरिएको नभदासको **'भक्त-माल'**, जसमा धेरै जसो सन्तहरूका जीवनी अनि चमत्कारी कार्यहरू जनाइएको छ, मा कबीरको प्रथम प्रसङ्ग उठेको छ। यो पुस्तकको कबीरमाथि लेखिएको दुइ पद मात्रले उनी रामानन्दका भक्त थिए भन्ने कुरा थाहा पाइन्छ। यो कृतिको प्रियदास लिखित टिकामा कबीर ब्राह्मण विधवाबाट जन्मिएको अनि नीरू र नीमाले उनको लालन–पालन, गरेको पक्का हो भन्ने कुराको उल्लेख छ। यो कृतिमा कबीर सिकन्दर लोदीका समकालीन हुन् भनिएको छ। रैदास, गरीबदास, धर्मदास, पीपा अनि तुकारामका रचनाहरूमा कबीरको उल्लेख छ। शिखहरूको धर्मपुस्तक **'गुरूग्रन्थ साहेब'** मा धेरै श्लोक र रागहरू कबीरमाथि छन् अनि गुरूनानकका पद्यमा उनको नाउँ आएको छ। करिब सन् १६०० मा अनन्तदास

लिखित **'परचै'**--ले कबीर काँशीको तानबुन्ने, रामानन्दका भक्त, बाघेल राजा बीरसिंहका समकालीन अनि सिकन्दर लोदीका निरंकुशताको शिकार भएको कुरा अनि १२० वर्षसम्म बाँचे भनी लेखेको छ।

केही फारसी र उर्दू पुस्तकहरूमा पनि कबीरको नाउँ र उनको जीवन सम्बन्धी दन्त–कथाहरूका उल्लेख पाइन्छन्। मौलवीं गुलाम सरवरको **'खजीनात–उल–आसफिया'**–को उल्लेख अघि नै गरिसकेको छ। मोहसिन फनीको **'दाबिस्तान–ए–मज़ाहिब'** अनि मौलवी नसिरूद्दीनको **'ताजकिरूल फुकरा'** दुवैले कबीरलाई रामानन्दको शिष्य भनेका छन्। कबीरको समाधिका बारेमा **'आइने–अकबरी'**--मा मतभेद छ। कसैले कबीरको समाधि अवध जिल्लाको रत्नपुरमा छ भन्छन् भने कसैले पुरीमा छ भन्छन्, ग्रन्थकार पुरीको पक्षमा छ।

वेस्टकोटले आफ्तो कृति **'कबीर एण्ड कबीरपन्थ'** –मा कबीरको नाउँ विभिन्न ऐतिहासिक कार्यहरूमा जोड़िएको एघारवटा सन्दर्भहरू दिएका छन्, जसमा भिन्न धर्मगुरूहरू भिन्न–भिन्न समयका छन् : नागोरको कबीर चिस्ती जसको मृत्यु गुजरातमा सन् १८५४ मा भयो; शेंख कबीर जुलाहा जसलाई मुसलमानहरूले पीर कबीर अनि हिन्दूहरूले भगत कबीर भने अनि उनको मृत्यु सन् १५६४ मा भयो; ख्वाज औलिया कबीर जसले बोखराको भ्रमण गरे अनि सन् १२२६ मा उनको स्वर्गवास भयो; सैयद कबीर--उद–दीन हसनको बाल्खमा १४६० मा मृत्यु भयो; शेंख कबीर बजौराका, बासिन्दा औ अफिमची थिए; शेख अब्दुल कबीर वा बालापीरको मृत्यु सन् १५३६ मा भयो; मुलतानको शेख कबीर बाल्ख गएर भारत फर्के अनि अकबरसित यात्रा गरे, जसको मृत्यु फतेहपुरमा सन् १५८५ मा भयो; अमीर कबीर मीर सैयद अली हमदानी, जो सन् १३७६ मा काश्मीर गए अनि ५ वर्षपछि त्यहीं प्राण त्यागे; सैयद जलालुद्दीनका पिता सैयद अहमद कबीर; सैयद जलालुद्दीन, जो सन् १४२१ मा मरे उनका नाति कबीर–उल–दीन इस्माइल थिए; दीवान शाह कबीर जसको स्मृतिमा एउटा मसजिद् जौनपुरमा हुमायूँको शासनकालमा बनाइयो।

प्रथम पाँच नाउँहरूको उल्लेख **'खजीनात–उल–आसफिया'**-- मा छ, छैटौं **'सैर–उल–अकताब'**–मा, सातौं **'मंकुखुल–उल–तवारीख'**-मा आठौं **'अखवार–उल–इख्यार'**–मा बाँकी **'फरिश्ता'**–मा छ।

कबीरको वाह्यरूप अनि साल–सम्वत्मा मात्र इतिहासकारहरू अनि साहित्य--समालोचकहरूको विभिन्न मतहरू छैन तर उनको कृति अनि मतविश्वासहरूमा पनि मत-मतान्तर छन्। तथापि, उनका धर्म सम्बन्धी जोखिम उठाउँदै निम्न अनुमानहरू अरू भन्दा मान्य भन्न सकिन्छ।

कबीर उपनिषद्को अद्वैतवाद अनि इस्लामको एकैश्वरवादबाट प्रभावित भए तापनि

उनको ईश्वरमा केही विशिष्टता पनि थिए :

*जाके मुँह माथा नहीं, नहीं रूपक रूप।*
*पुहुप वास ते पातला ऐसा तत्त अनूप।।*[1]

*[ जसको न त अनुहार छ न मस्तक नै छ न त कुनै संकेतिक रूप छ, फूलको सुगन्धभन्दा कोमल छ, यस्तो सार भएको ईश्वर हो]*

साथै कबीर गहिरो रूपले वैष्णव परम्पराको भक्तिले पनि प्रभावित छन् उनका धेरै कवितामा ईश्वर र मानिसको सम्बन्ध सूफी धारणाको छ, अनि धेरै अरूहरूमा तांत्रिक अनि सिद्धि वा नाथपन्थी शब्दावलीको प्रयोग पाइन्छ। अन्यमा उनले निःष्कपट, सरल, र विभिन्न प्रभावहरू समेटेका छन्। कबीरका कवितामा साधारण जनताको भक्ति पाइन्छ औ ती लोक गीत झै छन्।

*(कैसे दिन कटि हैं)*

*कसरी दिन बिताउँ*
*उपाय मलाई बताऊ*
*यता गङ्गा उता जमुना*
*कृपा गर पार*
*यो चेपारोबाट*
*म मेरो माथिल्लो बसन च्यारने छु*
*कागज जस्तै टुक्रा टुक्रा*
*तिम्रो तस्वीर सधैंलाई*
*मेरो हृदयमा बसाइ देऊ*
*कबीर भन्छ, सुन ए साधुहरू हो !*

*मलाई डोस्याएर पथ देखाइ देऊ।*

*"जहाँ शब्दहरु विफल हुन्छ अनि मन पुग्न सक्तैन।"* गीतामा भने जस्तै कबीरले रामानन्दको रामलाई निराकार, निर्गुणी र अवर्णनीय बताए।

अर्को पदमा कबीर ईश्वरलाई शब्द भनी वर्णन गर्छन् :–

*(शब्द को खोज ले.....)*

शब्दलाई खोज शब्दलाई बुझ
तिमी अरू होइनौं शब्द हौ

१. इबिड, पृ. ६०

स्वर्ग शब्द हुन्, नर्क शब्द हो
जीव कोषमा र ब्रह्माण्डमा शब्दै छन्
ध्वनि–प्रतिध्वनिमा शब्दै खेल्छन्
विम्बलाई बनाँउने सिंगार्ने शब्दै हुन्,
शब्द वेद हुन् शब्द ध्वनि हुन्,
धर्म पुस्तकहरूमा कैयन स्वरमा शब्दै गाउँछन्,
शब्द मंत्र हुन्, शब्दै हुन् औजार
यी शब्दै हुन् गुरू शिष्यलाई भन्छन्
शब्द सार हुन् शब्दै निःसार
शब्द आकार हुन् शब्दै हुन निराकार
शब्द पुरूष हुन् शब्दै हुन् स्त्री
शब्दै हुन् त्रिरत्न
शब्दै हुन् साकार शब्दै हुन् निराकार ओमकार
शब्दै सृष्टि शुरूवात हुन्
कबीर भन्छ शब्दलाई बुझ तिमी
ए भाइ ! शब्दै सृष्टिकर्ता।

कबीरको आत्म--बिद्या बर्गीककरण मान्दैन। हिन्दू र मुसलमानको संकिर्णतालाई भत्सर्ना गर्दा उनी निर्भिक समाज सुधारकको लहरमा हुन्छन्। उनले भनेका छन् :–

*लोगा ऐसे बावरे, पाहन पूजन जायँ।*
*घर की चकिया काहे न पूजै जोहि का पीसा खाँय।।*

*[ मानिसहरू यस्ता मूर्ख छन् कि तिनीहरू ढुंगालाई पूज्छन्। किन उनीहरू जाँतोलाई पूज्दैनन् जसले उनीहरूको खाने पीठो पिस्छ ? ]*

कबीरको विचारधाराको गहिराइमा बैराग्यको प्रवल स्वर छ र त्यसमा संसार दुःखको सागर हो भन्ने भाव छ। उनका बारम्बार दोहोरिने शब्दहरू हुन् अन्त्यमा सबै चीजहरू मर्नैपर्छ। कति आलोचकहरूले बुद्धवाद र कबीरपन्थी विचारधारा समानान्तर पाए। बुद्धवादको *'शून्य'* जस्तो शब्दहरू कबीरले बारम्बार प्रयोग गरेका छन्। वास्तवमा उनका कति पंक्तिहरू नागार्जुनको **'शून्य कारिका'**--को अनुवाद झैं लाग्छ, जब कबीर भन्छन् :

*भारी कहूँ तो बहु डरौं, हलका कहूँ तो झूठा।*
*मै का जानो राम कूँ, नैनूँ कबहूँ न दीठा।।*

*[ म उनलाई कसरी गह्रौं भनूँ, हलुङ्ग उनलाई भन्नु पनि असत्य हुन्छ; म रामलाई*

*कसरी बुझ्न सक्छु मैले उनलाई देखे कै भए पो।]*

कबीरले वारम्बार भनिएको र नभनिएको, आवाज र नीरवताबीचको अवस्थालाई दर्शाउँछन्। उच्च जातिको देखावटीपनको आलोचनामा कबीरले बौध--धर्मावलम्बी उत्साह र बज्रयानीको कटुतालाई समर्थन गरे झैं लाग्छ।

कबीरका केही दोहाहरूमा निरञ्जनपन्थीको प्रभाव देखिन्छ। गोरखनाथ अनि नाथपन्थीहरूले जस्तै रहस्यवादी शब्द र मुहावराहरूको प्रयोग गरे। शरीरमा अष्ट कमलको प्रसङ्ग, श्वासको नियंत्रण अनि साधनाको सम्पूर्ण विधिहरू योग दर्शनमा आधारित छन्।

कबीर सूफी पन्थी थिए कि भन्ने अपठ्यारो प्रश्नलाई हामी कबीरको दर्शन अध्यायमा हेर्नेछौं।

कबीरका कृतिहरू विचार गर्दा कुन चाहिं उनकै कृति हो भन्ने समस्या आउँछ। धेरै नकली रचनाहरू कबीरको नाउँमा उनका अनुयायीहरूले प्रकाश गरेका छन् अनि पक्का संस्करणको अभावमा सकली र नकली छुटयाउँन अझ गाह्रो हुन्छ। यी कुराहरूलाई ध्यानमा राखेर यो पुस्तिकाको अन्त्यमा दिइएका सन्दर्भ पुस्तक सूचीलाई ध्यान दिएर पढ्नु पर्छ। हिन्दी, उर्दू, पंञ्जाबी (गुरुमुखी) अनि कति अंग्रेजी अनुवादहरू मौखिक सामाग्रीका आधारमा लेखिएका हुन् जसको कुनै मूलरूप प्राप्य छैन। एउटै दोहा विभिन्न रूपमा देखाह परेको छ। छापाखानाले अझ अलमल्याएको छ, छपाईको अशुद्धिहरूलाई पनि अनुयायीहरूले सुहाउँदो अर्थ लगाए। यी सबैको पठन गर्नु अनकण्टार बनभित्र पुगे झै हुन्छ। यस पुस्तिकाको निम्त श्याम सुन्दरदास, 'हरिऔध', रामकुमार वर्मा अनि हजारी प्रसाद द्विवेदीद्वारा सम्पादित कबीरका कृतिहरूका हिन्दी संस्करणलाई आधार मानिएको छ।

आउने अध्यायहरूमा कबीरको कविता अनि उनको हिन्दी भाषा र साहित्यको विकासमा स्थान निधो गर्ने जमर्को गरिएको छ। उनका दार्शनिक रहस्यवादको देनलाई जाँच्ने कार्य दोस्रो अध्यायमा गरिएको छ। उनका रचनाहरूमा कविता कहाँ अन्त भयो अनि रहस्यवाद कहाँबाट शुरु भयो भन्ने कुराको निधो लगाउनु कठिन छ किन भने ती दुइको मिश्रण कुशल बनकरले बुने झैं छ। कबीरले आफ्नो कृतिलाई लिखित रूप दिएनन्, अन्तरात्माको आवाजलाई उनले गाएरमात्र सुनाए जुन आउने पिढ़ीहरूको निम्नि घरेलु सूत्र भयो। यदि कविता विधा आफ्नो उँचाइमा पुग्छ भने, त्यो त्यहाँ थियो। उनले आफ्नो आत्म–अनुभव सारगर्भित तुक्का, उखान उनका दोहामा भरिदिए जसले गर्दा प्रत्येक दोहा जीवनको अनुभवबाट चुहेका सार तत्व जस्तै भयो।

# दर्शन

बैदिक ऋषिहरूले भनेका छन् *"अद्वैत सत्य हो, ज्ञानीहरूले यसलाई विभिन्न प्रकारले व्याख्या गर्छन्"* श्वेताश्वतार उपनिषद्मा यो भनिएको छ कि *"सिरसमको बीजमा तेल, दूधमा घिऊ, नदीको तहमा पानी, काठमा आगो भए झैं आत्मामा 'स्व' बस्छ। त्यसलाई सत्य र ध्यानले प्राप्त गर।"* सूफी कवि जलालुद्दीन रूमी (मृ. १२७३)–ले आफ्नो **'मसनावी'**–मा 'एउटा सत्य किरण'–को बारेमा लेखेका छन् :

*दीयोहरू भिन्न भिन्न छन् तर प्रकाश एउटै हो*
*त्योपछि कतैतिरबाट आऊछ।*
*दीयोलाई हेरिरह्यौ भने तिमी अलमलिने छौ*
*किन भने धेरै संख्या र अनेकत्व त्यहाँबाट जन्मन्छन्।*
*उज्यालो तर्फ तिम्रो दृष्टि केन्द्रित गर तिमी मुक्त हुनेछौ*
*परिमित शरीरमा अन्तरनिहित द्वैतवाददेखि।*
*तिमी हौ बीज अस्तित्वको, भिन्नता*
*मुसलमान, जौराष्ट्रियन अनि यहूदी बीचको*
*केवल दृष्टिकोणको।*

*( निकोलसन्को नकल )*

कबीरको रहस्यवाद वेदान्ती वा सूफी स्तर र मात्राको थियो। उनकालागि परिमित र अपरिमेयको बीचमा कुनै भेद थिएन। रवीन्द्रनाथ ठाकुरको *'वान हन्ड्रेड पोइम्स् अफ कबीर'* बाट उद्धृत निम्न पंक्तिले यही कुरो बुझाऊँछ :

*'ओहो कहिले अनि कसरी त्यो गोप्य शब्द म व्यक्त गर्न सकूँला ?*
*ओहो ! म कसरी भनूँ ईश्वर यस्तो छैन अनि उसको रूप यस्तो छ ?*
*यदि मैले मेरो प्रभु मभित्र छ भने यो ब्रह्माण्ड लज्जित हुनेछ,*
*यदि मैले प्रभु म बाहिर छ भने यो असत्य हुनेछ।*
*उनैका कृपाले भित्री अनि बाहिरी संसार अविभाज्य एक छ*
*चेतन अनि अचेतन दुवै हुन् उनका पाउदान*
*उनी न त प्रकट छन् न त गुप्त नै*
*उनी न त देखिन्छन् न त छन् नदेखिने नै*
*उनी के हुन् के भन्नु शब्द नै छैनन्।'*

*( ऐसा लो नही तैसा लो ) कबीर : ठाकुर, पृ. ६.*

अनि फेरि लेख्छन् :

*जब उनी आफैलाई प्रकट गर्छन् तब ब्रह्म स्वयंले सब देखाउँछन्*
*जो कहिल्यै देख्न सकिँदैन*
*पौधामा बीज भए झैं वृक्षमा छाया भए झैं*
*आकाश निराकार भए झैं अनन्तता निराकारमा छन्*
*अनन्तकोपछिदेखि आउँछ अनन्त;*
*अनि त्यही अनन्तदेखि फैलिन्छ जगको रीत*
*सृष्टि ब्रह्ममा छन् अनि ब्रह्म सृष्टिमा*
*उनीहरू सधैं भिन्न छन् तरै पनि एक छन्*
*ईश्वर आफू नै सीमित अनि असीमित*
*यी दूवै सीमा अनि सीमाहीनपछि बस्छन् प्रभु;*
*निष्कलंक उनी !*
*अनि सर्बव्यापी मन ब्रह्ममा अनि प्राणीमा*
*सर्बोच्च आत्मा देखिन्छ आत्मामा......*

*(साधो ब्रह्म अलख लखया) कबीर : ठाकुर, पृ. ६*

कबीरको रहस्यवादी दर्शन सहजै बुझ्नलाई तीन तत्वहरू छन्– उनको ईश्वर वा ब्रह्मप्रतिको धारणा, आत्माको धारणा अनि माया अथवा जग मिथ्या भन्ने उनको धारणालाई बुझ्नुपर्छ।

कबीर ब्रह्मलाई प्रमुख सत्ता अथवा सार ठान्छन्। यो देश, काल र गुणदेखि पर छ। यसलाई कुनै परिवर्तनले असर पार्दैन। यो मुक्त छ अनि अनन्त पनि। परम सत्ता कारणदेखि पर छ –*'न त दाँया, न त बाँया, न त अघि, न त पछि, न त तल न त माथि–निराकार' (कबीर ग्रन्थावली, श्याम सुन्दरदास, पृ. २४२)।* यसलाई इंगितमात्र गर्न सकिन्छ। गांधीजीले भने जस्तै– *'यो युक्लिडको बिन्दु जस्तो हो।'*

कबीरको ईश्वर निर्गुण छन्। साधारणतः तीन गुणहरू, सत् (आत्मा),रजस् (सुहाउँदो), तसम (अनात्मा); तर ब्रह्म यी तीनमा कुनै पनि होइनन्। यो न त जन्मन्छ, न त हुर्कन्छ, न त मर्दछ। यो हो केवल (तत्सत्)। *'जसरी पानीबाट हिउँ बनिन्छ अनि हिउँ पग्लेर पनी हुन्छ। जति पनि थिए ती आफ्नै रूपमा आए अनि अब बढ़ता भन्न सकिन्न।' (कबीर ग्रन्थावली, पृ. १३)* यो निराकार छ। यसको रंग छैन अनि इन्द्रियानुभूति पर छ। सबै बर्गहरू यसैबाट शुरू हुन्छ अनि त्यसैकारण वर्गीकरण गर्न सकिँदैन। *'ईश्वर संसारमा छ अनि संसार ईश्वरमा छ र सबैमा व्याप्त छ।'*

*'खालिक खलक खलक में खालिक, सब धाट रहयो समाई'*

*( कबीर ग्रन्थावली, पृ. १०४ )*

परम सत्ताको वर्णनमा तर्क काम लाग्दैन भनेर चुप लाग्ने दार्शनिक कबीर होइनन्। कवि भएकाले उनी कतै ईश्वरलाई व्यक्तित्वमा आरोपण गर्छन्, ईश्वर र आत्मको बीचमा प्रेमी—प्रेमिका या प्रेमिका प्रेमीको सम्बन्ध खोज्छ। कबीरको ईश्वर इस्लामको एकैश्वरवाद अनि हिन्दूको बहुदेववादभन्दा माथिको छ। उनै अल्लाह हुन् रामपनि हुन् अनि त्यसभन्दा बढ़ी पनि कबीर सोध्छ :

*तुर्कीका मस्जिदहरूमा अनि हिन्दूका मन्दिरहरूमा*
*दुवै 'खुदा' र 'राम' छन्;*
*जहाँ मस्जिद् र मन्दिर छैनन्*
*कसले त्यहाँ सत्ता चलाउँछ?*

*(ज्ञान सागर, पृ. ६३)*

यो परम तत्व आनन्द हो। परमानन्दको अधि भैतिक सुख केही होइन। कबीर भन्छन् *"ईश्वर प्रेमको नशा कहिल्यै कम नुहुने नहराँउने नशा हो। यो दैवी रस दुर्लभ छ, अतिप्रिय छ तर जो सुकैले यसलाई पिउन सक्तैन।"* शंकर र पार्वतीले यो रसपान गरे अनि अमर भए।

यो तत्व निर्मल र अमूर्त ज्ञान हो। यो प्राप्त गर्नु पर्ने ज्ञान हो। यो असीमित अनि अविभाज्य छ। यो वट्वृक्ष को सानो बीज जस्तै हो अनि आकाश जस्तै विशाल पनि। यो रूपमा ईश्वर प्रकाश हो। कबीरको ईश्वर सूफीहरूको परम् प्रदीप्ति हो अनि कथोपनिषद्द्वारा वर्णित अवस्था न त सूर्य, न त चन्द्रमा, न त ताराहरू, न त विद्युतको आलोक हो। उनले ब्रह्मलाई फक्रेको कमल जस्तै भन्छन् जो शरीररूपी तलाबमा निरन्तर मुस्कराइ रहन्छ।

ईश्वर (परम तत्व) शब्द हुन्। योगसूत्रमा ईश्वरलाई *'प्रणव'* या *'ओमकार'* भनिएको छ। ब्रह्मसूत्रले पनि भन्छ शब्द ब्रह्म। नाथपन्थीमा *'शब्द सबै हो, यो ताला हो, कुञ्जी पनि; शब्दले शब्दलाई चिन्छ, शब्द शब्दैमा अन्त हुन्छ।'* कबीरको सुन्दर पद (गीत)—मा अहनाद—नादलाई यसरी वर्णन गरिएको छ; *'यो असीमित शब्द निरन्तर गुञ्जयमान छ।'* अर्को यसो भनिएको छ :—

*हे ज्ञानी मान्छेहरू हो, शब्दलाई बुझ*
*यो शब्दबाट प्रत्येक कुरा जन्मे, यसलाई बुझ*
*शब्द गुरू हुन् शब्दै चेला पनि*
*कमैले मात्र बुझ्छन् यी।*
*ती गुरू र शिष्य महान*
*जसले गूढ़ अर्थ बुझछन्।*

*वेदहरू र पुराणहरू शब्दहरू हुन्, तिनीहरू भन्छन्*
*यसलाई प्रमाण अथवा अधिकार*
*शब्दैले बनाउँछ ईश्वर, ज्ञानी अनि ध्यानी,*
*यो अनन्त गहिराई भएको शब्दको अन्त छैन;*
*यो शब्दलाई सुन्दै मानिसहरू पहिरन फेर्छन्*
*शब्दले गर्छ प्रेम निर्धारण।*
*सबै छ व्यवहारहरू केवल शब्द हुन्*
*शब्दैले तिमीलाई ध्यानी बनाउँछ*
*शब्दैले संसार अनि यो शरीरलाई जन्म दिए*
*शब्दैले यी सब फैलाए*
*कबीर भन्छ—जहाँ शब्द छ*
*संसारहरूको भिन्नता हुन्छ अनौठो।*

*( हजारी प्रसाद द्विवेदी, कबीर, पद, पृ. ५७, २६८ )*

कबीरले नाथपन्थी तथा बौध शून्यवादीहरूबाट पाएका धेरै शब्दहरू प्रयोग गरे। उनले आफ्नो परम् सत्तालाई वर्णन गर्दा शून्यता भने। तर उनको शून्यता कट्टर बौध—धर्मावलम्बीहरूको भन्दा भिन्न छ। यो शंकरको ब्रह्म नजिक छ, जो शब्द पर छ। कबीर भन्छन्, उनको ईश्वर गूँगो मन्छिेले गुलियोपन अनुभव गेरेको आनन्द हो। यो भन्न सकिँदैन, अव्यक्त छ अनि छ अवर्णनीय। कबीरले घरि घरि भनिहरने रहस्यवादी समाधि दैवी उन्माद हो। धेरै पल्ट त वेदान्तीहरूले जस्तै कबीर नकरात्मक शब्दावली जस्तै *'यो होइन, त्यो होइन'*—का शरण परेका छन्। *केन उपनिषद्मा* यस्ता पंक्तिहरू छन् जसले ईश्वरलाई 'न त आँखा, न त वाणी, न त मन, न त ज्ञानले पुग्न सकिने अवस्था भनी वर्णन गरेको छ। कबीरले पनि आपनो ब्रह्मको वर्णन सबैबाट पर भनी गर्छन् :

*वेदहरू र भेदहरूका पर*
*पाप वा मोक्ष पर*
*ज्ञान वा ध्यान पर*
*ठोस् वा शून्य पर*
*परिधान र दान पर*
*सबै कपट—भद्रता अनि रूप पर*
*कबीर भन्छ त्रिलोक पर*
*छ सार कसैसित नमिल्ने पनि।*

*( कबीर ग्रन्थावली, पृ. १०३ )*

तर यही निर्गुण ब्रह्म ( गुणरहीत ईश्वर ) सहसा अति प्रिय व्यक्ति आमा--बाबु जस्तै, पति जस्तै, ( ए ! भरखर बिहे गरेकी नव–दुलही प्रेमका सुमधुर गीत गाऊ, मेरा स्वामी राजा राम घर आइ पुगेका छन् भनी ) अनि यही अति प्रिय व्यक्ति जस्ता ईश्वर कबीरका केही कवितामा निर्ब्येयक्तिक, आकारहीन प्रतीकको रूपमा पाइन्छ। यस्तै परस्पर विरोधी विचारहरू कबीरमा धेरै पाइन्छ।

अन्त्यमा कबीरको ईश्वर संज्ञा हो। केही पनि भनेर सम्बोधन गर त्यसले फरक पर्दैन। जयदेवले राम र गोविन्दको स्तुती गरे, नामदेवले विठ्ठलको अनि अन्य सन्तहरूले अन्य नामहरूका प्रयोग गरे। कुनै एक पदमा कबीरले सबै यस्ता नामहरू लिए अनि निर्णयमा पुगेः *'कुनै पनि नामले पुकार, तिमी एउटै रहन्छौं!'*

कबीरको आत्मा सम्बन्धी धारणा अत्यन्त अपठयारो अनि परस्पर विरोधी छ। यो जीवित प्राणी हो, श्वास हो, स्व हो, अहम् हो, न नर न नारी हो, आत्मा अति सुक्ष्मभित्रको अति सुक्ष्म पिण्ड हो। यो मन हो, यो इन्द्रियहरूको संगालो हो, यो सांख्यको तीन प्रकारको पुरूषहरू–प्रकट, गौण र ज्ञाता हो। कबीरको विचारमा आत्मज्ञान नै महान साधना यो प्रत्येक मनुष्य जीवनको सबै हुनु अनि सबै शेष हुनु हो। माटाको घैंटाहरू धेरै प्रकारका भए पनि एउटै माटोबाट बनिएको हुन्छ। गाईहरू भिन्न भिन्न रंगका भए तापनि तिनीहरूबाट पाइने दूधको रंग एउटै हुन्छ। यो दैलोको ठेलीमा राखेको दीप जस्तै हो भित्री–बाहिरी दुवैतिर उज्यालो दिने। यो अमर, नजन्मेको, अविनाशी हो, गीताको प्रख्यात अंशमा लेखिए जस्तै जहाँ व्याधाले सोच्न सक्छ कि उसले वध गर्छ, तर *'कसैले वध गर्दैन न त कसैलाई वध गर्न नै सकिन्छ।'*

*श्वेताश्वतर उपनिषद्मा 'आत्मालाई न त पुरूष न त स्त्री न त नपुंसक लिङ्ग हो भनिएको छ। यो जस्तो शरीरमा पस्छ त्यस्तै रूप धारण गर्छ।'*[१] कबीरले *वर्णन गर्छन् :*

*यो न त मनुष्य हो न त ईश्वर,*  
*यो सेवा खोज्ने पुण्यात्मा होइन,*  
*यो न त जोगी न त अवदूत,*  
*यो न त जन्मेको हो न त जन्माउँछ यसले,*  
*यो न त गृहस्थी हो न त त्यागी.*  
*यो न त राजा हो न त भिखारी,*  
*यो न त हिन्दू न त शिख,*  
*कसैले यसलाई न जन्मेको देखेको छ*  
*न त मरेकै।*

१. नैव स्त्री न पुमानेष न चैवायं नपुंसकः।  
यद्यच्छरीरमादन्ते तेन तेन स युज्यते। ५/१०

आत्मा निराकार निर्वन्ध र परिवर्तन पर छ। *'यो महासारमा एक थोपा जस्तै हो यसलाई छुट्याउँन सकिँदैन, सागरको गुण थोपामा छ।'* आत्मा अद्वैत, आफै प्रकाशवान, अमर, सुक्ष्मभन्दा पनि सुक्ष्म हो। यो देहरूपी पिञ्जराबाट निश्चित समयमा मुक्त हुन्छ। कबीरले आफ्ने बुनकर पेशाको धेरै उपमाहरू कवितामा प्रयोग गरेका छन् *'यो शरीर च्यादर जस्तै हो जसलाई प्रयोग गर्दा सकिन्छ। त्यसकारण योसित के को मोह?'*

आत्मा र ईश्वर पर्यायवाची हुन्। कबीरले यसको बहुआयमलाई विभिन्न रूपले वर्णन गरेका छन्। आत्मा वृक्ष हो, आत्मा सूर्य हो, यो किरण हो, प्रकाश हो जसको सहायताले अरूलाई देखिन्छ। यो पक्षी हो, पिञ्जरा हो अनि अकाश पर, यो दीप हो, बाती हो, तेल अनि प्रकाश जसले अन्ध्यारोमा उज्यालो दिन्छ। जस्तै कमललाई शुद्ध जल वा शीत वा त्यसको वरिपरिको हिलोले प्रभाव पार्दैन। आत्मा यो भित्र छ पनि छैन पनि। आत्मा वायु हो, आत्मा आगो हो, आत्मा पानी हो, आत्मा शब्द हो, अनि सबै मिलेको मन हो। *तैत्तरीयोपनिषद् भन्छ– 'परम् सुख आत्मा हो अनि ईश्वरीय परम् सुख, आदि अनि अन्त हो।' 'आनन्द नै ईश्वरहरू आत्माहरूको आधार हो' ( कबीर ग्रन्थावली, पृ. १८७ )* भन्ने प्रतिध्वनि कबीरमा पाइन्छ।

आत्माको इहलौकिक र परलौकिक अवस्थाका बारेमा, जसको चर्चा वेदान्तीले गर्छ, कबीर भन्छन्– *'आफुलाई आफैले जान'* अनि आफ्नो एउटा साखीमा अझै भन्छन्।

*सुरति निरतिमा बिलाए, निरति रह्यो असहाय,*
*तर जसले पनि सुरति र निरति दुवैलाई चिन्छ,*
*उसकालागि द्वार आफै खुलिगए।*

*( पर्चाको अंग )*

यहाँ सुरतिले बन्धनमा रहेको वा आशक्त आत्मा बुझाउँछ अनि निरतिले मुक्त अनि मोहरहित आत्मा। कबीरले भूल गर्न सक्ने आत्माको, दिशाहीन आत्माको अनि यी बन्धनहरूलाई तोड़ेर माथि आउन कोशिष गर्ने आत्माको चर्चा गरेका छन्। अंततः सबै बन्धनहरूबाट मुक्त हुनलाई अनि माथिल्लो स्तरमा पुग्नलाई आत्मा अभिमानरहित हुनुपर्दछ, शत्रुतारहित अनि मोक्ष खोज्ने हुनु पर्दछ।

कबीरको दार्शनिक वृति सांसारिक मायाप्रति कम रोचक छैन। उपनिषद्‌मा मायालाई ब्रह्मको जीवनशक्ति भनी वर्णन गरिएको छ। यो प्रकृति हो अनि आदिम अन्ध्यारो (अविद्या) पनि। गीतामा मायालाई अज्ञान, तीन गुणहरूको भ्रामक बखान भनिएको छ। शंकरले यसलाई भ्रम अनि आधुनिक भाषा दार्शनिकहरूले जसलाई *'मानसिक संरचना'* भन्छन्, त्यस्तै कुरा ठान्छन्। अलंकार आदिको प्रयोग गर्दै कबीरले यो तत्वको शक्ति वर्णन गरेका छन्।

*कबीर भन्छन् यो लहरा यस्तो अद्‌भूत छ कि :*
*यदि तिमीले यसलाई काट्यौ भने अझ बढ़ने छ,*
*यदि तिमीले पानी लगायौ भने यो मासिने छ,*
*यो विभिन्न गुणहरू भएको लताले वर्णनलाई पनि छक्याउँछ।*

*( कबीर ग्रन्थावली, श्याम सुन्दरदास, पृ. ८६ )*

माया यस्तो नागिनी हो जसले आफू जस्तो धेरै बच्चा काड़छे। यो भ्रामक अनि सदैव परिवर्तन हुने हो। यो महान मन्थन कर्ता हो यसले दुःख जन्माउँछ। यो कुइरोको कोमल पर्दा जस्तो, तरै पनि रूवाभित्रको आगो झैं अप्रकट औ प्रकट दुवै हो। यो सजि—सजाउ बेश्याले खुल्ला बजारमा आत्मालाई लोभ्याएर कैद गरे जस्तै हो। यो सम्पूर्ण भेद—भावको कारण हो अनि सवै सृष्टि पनि।

*जसले यो चित्रको सृजना गरयो, उनै सच्चा कठ्‌पुतलीवाला*
*धिक्कार छ ती व्यक्तिहरूलाई जसले चित्रलाई चित्र भन्दा बढ़ी*
*देखेनन्।*

यो दार्शनिक मान्यतासित कबीरको मुक्ति वा अन्तिम मोक्षको विचार गहिरो प्रकारले जोड़िएको छ। भारतीय ऋषि र सन्तहरूको मूल कुरा कसरी यो दुःखको चक्रदेखि मुक्ति पाउनु भन्ने नै थियो। कबीरले पनि अमरत्व बुझनु पर्ने नै अन्तिम मूल्य ठान्थे। जीवन—मृत्युको चक्रदेखि उम्कनु अनि ज्योतिलाई ज्योति मैं मिल्न दिनु नै उनले अनन्तसितको महामिलन ठाने। उनको मुक्तिको सिद्धान्त योगदर्शनको जस्तै वा बुद्धवादमा वर्णन गरे झैं छ। बौध दार्शनिक नागर्जुनले निर्वाणको अवस्थालाई अन्तिम सत्य ( परमार्थ सत्य ) माने।

कबीरले त्यस अवस्थालाई सुरक्षित अनि निर्भिक अवस्था (निरभैपद) भन्छन्। जब भक्त सबैको सहायता अनि सेवामा लीन हुन्छ अनि दृष्टिमा समभाव प्राप्त गर्छ उसलाई कसैसित पनि भयभीत हुनुपदैन। यदि कसैसित पनि डराउनु पर्छ भने त्यो हो आफैभित्रको दुष्टतासित :

*आफैले आफैलाई चिनेपछि*
*एक एक मै बिलिन् हुन्छ*
*कबीर भन्छ, यदि तिमीले तिमीलाई चिन्छौ भने*
*सबै आउँने जाने कार्यहरू बिलोप हुन्छ।*

*( कबीर ग्रन्थावली, एस.एस.डी., पृ. ६० )*

कबीरका निम्ति बन्धन व्यक्तिगत भ्रम मात्र हो। एकपल्ट यो भ्रम भंग भएपछि अद्वैतको अनुभवमात्र पाइन्छ। *'घड़ामा पानी छ अनि पानी घड़ामा छ; घड़ा फुटेपछि*

*पानी पानी मै मिल्छ।'* यदि दुइवटा पानी भएको अनि पानीमा तरिइरहेको घड़ामा एउटा प्रतिबिम्ब पर्छ भने अनि ती घड़ाहरू फुटेपछि प्रतिविम्ब छरपष्ट हुन्छ, तरै पनि विस्तृत जलमा प्रतिविम्ब एउटा हुन्छ। त्यसकारण कबीरका निम्ति मुक्ति वाह्य बस्तु होइन न त कुनै वाह्य कारणहरूले प्रेरित अवस्था नै। यो त भित्रबाट जाग्ने कामना हो कि भ्रम अनि मित्थ्याबाट टाँड़ा बसौं; अनि एक पल्ट *'जीवनमुक्त'* अवस्थामा पुगेपछि संसारको अन्ध्यारो अनि आत्माको अन्धता लोप हुन्छ।

यो अवस्था प्राप्तिको निम्त कबीरले दिएको आचार संहितामा श्वासको नियन्त्रण, इन्द्रियको नियन्त्रणको वर्णन छ। तर यसको चर्चा यहाँ आवश्यक छैन। यति नै यहाँ भनिन्छ कि कबीरपन्थी वा कट्टर कबीरमतका अनुयायीहरूमा यो सब विधिहरूमा सहमति छैन। विभिन्न योग प्रणालीमा भए झैं यो शारीरिक अनुशासनद्वारा आध्यात्मिक चेतना सृजना गर्ने विस्तृत मानसिक प्रकिया हो। कबीरले सबै सर्बोत्तम योग शैली अपनाएको देखिन्छ चाहे त्यो हठ्योग होस् वा मंत्रयोग, लय योग होस् वा सहज योग वा राजयोग। त्यहाँ साधुको जस्तै दिनचर्यामा आध्यात्मिक अर्थपूर्णताको विधान छ।

कबीरलाई समाज सुधारक वा नैतिक सुधारकको रूपमा आजको क्रान्तिकारीहरूले पनि महत्व दिन्छन् किन भने उनले बुद्धले जस्तै सामाजिक असमानता अथवा जातिको नाउँमा गरिएको अत्याचारहरूको निन्दा गरेका छन्। कबीरले हिन्दू अनि मुसलमान दुवैको कट्टरताको खिल्ली उड़ाए अनि बैज्ञानिक विवेकवादीले जस्तै, तिनीहरूको ढोंग र झुठोपनालाई सिद्ध गर्ने आह्वान गरे। यथार्थवादी भएर यसो भन्नु उनलाई अपठ्यारो लागेन :

*क्षुधित धर्मपरायण हुन सक्तैन,*
*यो जप माला लैजाँउ*
*म आधा सेर चामल चहान्छु*
*दिनमा दुइ पल्ट यो पेट भर्नलाई,*
*सुत्नलाई मलाई एउटा खाट चाहिन्छ*
*सिरानी मेरो काठकै फ्रेम होस्*
*मबाट असत्य र अत्युक्ति बोलिन्न*
*म तिम्रा नाम मात्र जप्छु हे भगवान*

*( राग सोरठ, कबीर ग्रन्थावली, एस.एस.डी, पृ. ३१४ )*

उनले जमाखोरी अनि सम्पत्तिको तुजुकको भर्त्सना गरे अनि कुनै पनि विलासिता, मदपानको विरोध गरे। सरलता र सन्तुष्टिको उपदेश दिए अनि सबैले शारीरिक परिश्रम गर्नु पर्ने, आफ्नै पेशामा अड़िरहनु पर्ने अनि कसैले पनि अर्काको सम्पत्ति नचोर्नु भन्ने

मत व्यक्त गरे। उनले राज लोभ र राजनीतिक स्वर्थताको निन्दा गरे। प्रश्न गरे– *"फौज जुटाएर किल्लाको घेराबन्दी गर्नु, शक्ति प्रदर्शन गर्नु के बादशाह (राजा)–को काम हो ?"*

*'राजासित कड़ोरौं रूपियाँ र धेरै हात्ती हुनसक्छन् र पनि यस्तो कंजूसको सम्पत्तिको के उपयोग हुन्छ।'*

'राजा र उसको प्रजा मूलभूतरूपमा एउटै हुन्। दुवै एउटै 'ओम'–बाट प्रकट हुन्छन्।'

कबीर सबै प्रकारको साम्प्रदायिक र साँघुरो बिचारको कटुआलोचक थिए। *'न त ब्राह्मण उच्च जातको न त शुद्र निम्न जातको हो। किन एकाकलाई घृणा गर्नु? घृणा गर्नु मूर्खता हो।'*

वाह्य कर्मकाण्ड अर्थहीन हो। शरीरमा खरानी घस्नु, दिनमा तीन पल्ट स्नान गर्नु, उपवास वस्नु, तीर्थयात्रा गर्नु, माला जप्नु, जोड़ जोड़ले ईश्वरको नाम लिने प्रदर्शन गर्नु, अफ्नो शरीरलाई कष्ट दिनुमा आनन्द लिनु यो सब कबीरको निम्ति उपहासको विषय हो :

*किन यो शरीर (मोटोले बनिएको)– मा माटो घस्नु?*
*किन यो परिवर्तनशील रूपलाई पखाल्नु?*
*नाम जप्नु अनि माला गन्नु उपयोग के छ?*
*मस्जिद्मा दण्डवत गर्नु उपयोग के छ?*
*ब्रत राख्नु घुड़ा टेक्नु उपयोग के छ?*
*हज र काबा जानु उपयोग के छ?*
*ब्राह्मण चौबिस एकादशी ब्रत राख्छन्*
*अनि काजी राख्छन् उसको मुहर्रम........,*

*[ 'अल्ला राम जीयु तेरे नाइ' कबीर ग्रन्थावली, एस्.पी.गुप्त, पृ. ३०६ ]*

कबीर आफ्नो अर्को पदमा यसो भन्छन् :

*यदि ईश्वर मस्जिद्मा बस्छन् भने*
*बाँकी भूमिमा को बस्छ ?*
*यदि राम पवित्र स्थान (तीर्थ स्थानमा)–मा*
*अनि मूर्तिमा पनि बस्छन् भने*
*कसरी उनी एकै समयमा दुइ स्थानमा बस्छन् ?*
*पूर्व हरिको*
*पश्चिम अल्लाको घर।*

*तिम्रो हृदयमा खोज, भित्रको भित्र पनि,*
*राम रहिम त्यहाँ बस्छन्*
*संसारका सबै स्त्री र पुरूषहरू*
*तिम्रै रूप हुन् सबै।*
*कबीर त्यो लंगड़ो अल्ला र रामको परिधान।।*
*हरि अनि पीर मेरो गुरूनाम।*
*( कबीर, हजारी प्रसाद द्विवेदी, पृ. २७२–७३ )*

कबीरले सरल अनि उचित रूपकहरू प्रयोग गरेका छन्। *'यदि पवित्र जनै लगाउँनाले व्यक्ति द्विज भनिन्छ भने, किन इनारको फलामे चक्का, जसमा पनि डोरी लगाइएको हुन्छ त्यसलाई ब्राह्मण नभन्नु ?' 'किन काजी आफ्नो प्रातःकालीन प्रार्थना गर्दा मिनारको टुप्पोबाट चिच्याउँछ ? के अल्ला बहिरो भए ?' 'बाख्राले घाँस खान्छ र छाला काड़िन्छ। बाख्रा खानेहरूलाई के हुनु पर्ने हो ?' 'हेर ती मूर्ख मानिसहरूलाई जसले मृतकको पूजा गर्छन्। लासलाई घाटमा जलाएपछि तिनीहरूले प्रेम र आशक्तिको खेल देखाउँछन्। तिनीहरूले नै जिउँदो बूढ़ा–बूढ़ी मानिसलाई डण्डा ( लट्ठि )–ले कुट्छन्; जब मर्छन् तब तिनीहरूको मुखमा गंगा जल चड़ाउँछन् बूढ़ा–बूढ़ीलाई जिउँदो छउन्जेल भोकै राख्छन् जब मर्छन् तब पितृलाई पिण्ड चड़ाउँछन्। जिउँदो छउन्जेल बूढ़ा–बूढ़ीलाई गाली गर्छन् सरापछन् जब मर्छन्, मान र सम्मान (श्राद्ध) गर्दै अनुष्ठान गराउँछन्। छक्कै पर्दै कबीर भन्छन्, कागलाई खुवाएर कसरी मृत पितृहरू अघाउँछन्?* ***(कबीर ग्रन्थावली)***

डा. हजारी प्रसाद द्विवेदी उनको बहु–चर्चित कृति **'कबीर'** पृ. १३८ मा लेख्छन्–कबीरको धार्मिक कर्मकाण्डप्रतिको आलोचना हठ्योग अनि उनका गुरू रामानन्दबाट पाएको परम्परा हो। 'कबीरले आफ्नो मत प्रचार गर्दै गरेको दिनहरूमा पौराणिक हिन्दूवाद प्रबल थियो। तर यो साधारण गृहस्थीहरूको धर्म थियो । हाम्रो देशमा अरू धेरै धार्मिक प्रथाहरू प्रचलित थिए। कसैले वेद घोके; कोही वैरागी बने; कोही गरीब बने; कोही दान–पूण्यमा ब्यस्त थिए; कसैले पिउनु नै उत्तम साधना ठाने; कसैले जादू–टुना खेलाए; झाँक्री–धामीको पेशा अप्नाए अनि आफुलाई *'सिद्ध'* भने; कसैले तीर्थ–ब्रतमा विश्वास गरे भने कसैले भाङ्ग–धतुरो पानमा विश्वास गरे। यी सबै त्यहाँ थिए तर कोही ईश्वरमा लीन थिएन।

तर सद्गुरू (रामानन्द?)–को कृपाले गर्दा कबीरले महामंत्र पाए। मुनीहरू, पीरहरू, निर्वस्त्र साधुहरू, जोगी, जंगम, ब्राह्मण र सन्यासीहरू थिए तर सबै मायाको जंजालमा फसेका थिए। कुनै धार्मिक गुटले आफ्नो धार्मिक जूलुसमा बन्दूक र तोप समेत लिएर हिंड़े। छक्क परेर कबीरले सोधे :"साथी हो ! यो महादेव (महा भगवान वा शिव) –को नाउँमा शुरू गरिएको अचम्भको योग हो अनि पन्थ चलाइयो अनि मानिसहरूले आफैलाई

ठूलो महन्त भने, भीड़ बजारमा समाधि लगाए, सानो निहूँमा तोप बन्दूकले आक्रमण गरे।

"के दत्तात्रेयले कहिले उसको शत्रुलाई सशस्त्र आक्रमण गरे? के शुकदेवले कहिले अस्त्र–शस्त्र संग्रह गरे, के नारदले कहिले बन्दूक पड़काए? कस्तो अचम्भ ! ती आफैलाई अनाशक्त भन्नेहरू जसको स्वर्ण सिंहासन चम्किरहेछन् जसको घोड़ा र हात्तीहरूको लावा–लस्कर छन् जसको अरबपतिहरूका जस्ता शान–शौकत छन्।" यसबाट यो बुझिन्छ कि यो नागा साधुहरूको कुम्भ मेला प्रस्थान हो। त्यसैकारण कबीरले आफ्नो सरल धर्म प्रेमको अभ्यास र प्रचार अचम्भ लाग्दो धार्मिक कर्मकाण्डेय देखावटी आदिको बीचमा शुरू गरे।

हठ्योग परम्पराको कुरा गर्दै डा. हजारी प्रसाद द्विवेदीले सराहपद (आठौं शताब्दि) आरम्भिक सहजानी सिद्धबाट साह्रै चाख लाग्दो उद्धाहरणलाई उद्धृत गरेका छन् (पृ. १४२–१४३) : *'ब्राह्मणहरू ब्रह्मका मुखबाट उत्पत्ति भएका थिए। त्यो त्यस समयमा भयो, जब भएको थियो। हिजो–आज तिनीहरू अरू अरतै जन्मन्छन्। तब ब्रह्मवाद कहाँ छ ? तिमी यो संस्कार भन्छौ भने निम्न जातको चण्डाललाई पनि त्यस्तो संस्कार दिन सकिन्छ। ब्राह्मणहरू पवित्र हुन् हातमा कुश–जल लिएर हवन गर्छन् भने शुद्ध घिऊँको हवनले सजिलै मुक्ति पाउन सक्ने भए सबैलाई किन यसो गर्नु नदिनु? हवन कुण्डको अग्निले मोक्ष दिन्छ या दिन्न तर एउटा कुरा अवश्य हुन्छ त्यो हो त्यहाँबाट उठ्ने धूवाँले अवश्यै आँखा पोल्छ।'* सिद्धहरूको जस्तो आलोचना अनि स्पष्टवादिताको परम्परालाई कबीरले अघाड़ि बढ़ाए।

*'जप–मालाका दानाहरू काठका हुन्, भगवान पत्थरका, गंगा–जमुना पानी हो। राम र कृष्ण मरिसके। चारैवटा वेद काल्पनिक कथाहरू हुन्।'*

*'यदि पत्थरलाई पूज्नाले ईश्वर पाइन्छ भने म पहाड़को पूजा गर्नेछु। पत्थरको मूर्ति भन्दा असल जाँतोको पत्थर हो जसमा पिसिएको पीठो मानिसहरूले खान्छन्।'*

*'यदि पवित्र जलमा गोता लगाउँदा मुक्ति पाइन्छ भने भ्यागुतो त्यहाँ डुवि बस्छ। भ्यागुता जस्तै यी मानिसहरू हुन् जो घरि घरि गर्भासयमा पस्छन्।'*

*'पत्थरलाई छिनो र मार्तोलले कूँदेर आकार निकालिन्छ; त्यो आकार सत्य भए त्यसले मूर्तिकारलाई नै खाने थियो।'*

*'गर्भासयमा छँदा त्यहाँ न सम्प्रदाय न जात हुन्छ; ब्रह्मको बीजले सम्पूर्ण सृष्टि बनिएको हो।'*

*'यदि तिमी ब्राह्मणीबाट जन्मिएकोले ब्राह्मण हौ भने किन तिमी अरू मार्गबाट आएनौं?'*

*'तिमी को हौ, ब्राह्मण ? म कसको हूँ, शुद्र ?; म कसको रगत हूँ ? तिमी कसको*

*दूध हौ ? कबीर भन्छन्, जो ब्रह्मको साधना गर्छ म उसलाई ब्राह्मण भन्छु।'*

*'पानी मैला छ, धरती मैला छ। जन्मको समयमा अशुद्ध हुन्छ, मृत्युको समयमा अशुद्ध हुन्छ। प्रलय अशुद्ध हुन्छ।'*

*'आँखमा मैला, वचनमा मैला अनि कानमा पनि मैला छ।'*
*'उठ्दा अनि बस्दा मैला मानिससित टाँसिएको हुन्छ, मैला भोजनमा पर्छ।'*
*'जालमा फँस्नु सबैले जान्दछन् तर थोरैले मात्र जान्दछन् त्यसबाट बाँच्ने उपाय।'*

*( जी.एच्. वेसकोट : कबीर एण्ड कबीर पन्थ, पृ. ३६–४० )*

यो जान्न रोचक हुन्छ कि कबीरका धेरै उक्तिहरू र पद शिखहरूको धर्मपुस्तक आदि ग्रन्थमा 'साखी' –को रूपमा सम्मिलित छन्। मेकलेफको **'द शिख रिलीजन'** (खण्ड २) अनि **'सेलेक्सन फ्रम सेक्रेड बुक आफ शिखस्'**–मा यस्ता धेरै चाखलाग्दो पदहरू पाउँछौ।

कबीर त्यस्ता रहस्यवादी थिएनन् जो कोलाहलदेखि टाँड़ा आध्यात्मिक पहाड़मा बास गर्थे। बनारसमा भएको साधारण बुनकरको कुटी जहाँ कबीर बसे अनि असिधाट (जहाँ उसको मृत्यु भएको मानिन्छ)– को बीचमा उसले धर्मको नाउँमा गरिएका धेरै झूठा कुराहरू देखे। उनलाई न त बहिरो न त लाटो भएर बस्न उचित लाग्यो। उनले सत्य बोले जसको निम्न सहास चाहिन्थ्यो विशेष गरेर त्यस समयमा स्थापित धर्मको बिरूद्ध केही बोल्नेलाई नास्तिक ठानिन्थ्यो। तर कबीरले यस्तो प्रभावकारी र निर्भिक ढङ्गले विरोध गरे कि अन्त्यमा हिन्दूहरूले उनलाई सन्त भनेर सम्मान गर्नु तथा उनीद्वारा प्रतिपादित धर्मलाई कबीरपन्थ मान्नुबाहेक अन्य कुनै विकल्प रहेन।

रवीन्द्रनाथ ठाकुरले कबीरको कविता **'तिरथ में तो सब पानी है'** (पृ. ५०) को अंग्रेजी अनुवाद गरे जसमा कबीरको दर्शन सार कवितात्मक रूपमा व्यक्त गरिएको छ त्यसलाई यहाँ प्रस्तुत गर्दै यो अध्याय टुङ्ग्याइन्छ :

*'स्नान गर्ने पवित्र स्थलहरूमा अरू केही छैन तर पानी मात्र छ*
*म जान्दछु कि ती सब ब्यर्थ हुन्*
*किन भने मैले त्यसमा स्नान गरेको छु।*
*मूर्तिहरू निःष्प्राण छन् र बोल्न सक्तैनन्;*
*म जान्दछु किन भने मैले तिनीहरूलाई ठूलो स्वरले बोलाएको छु,*
*पुराण र कुरानहरू फगत शब्दहरू हुन्;*
*पर्दा हटाएर मैले हेरेको छु।*
*कबीर अनुभवका शब्दहरू बोल्छ*
*अनि बुझ्छ राम्ररी अरू सबै झूठा कुरा।'*

# कविता

*शब्दलाई खोज अनि शब्दलाई बुझ*
*शब्दले शब्दलाई चिन*
*शब्द आकाश अनि शब्द पाताल हुन्*
*शब्द भित्र–बाहिर छन्*
*बचनमा शब्द अनि श्रवणमा शब्द छन्*
*शब्दैले विम्ब र रूप बनाउँछ*
*शब्द वेद हुन् अनि शब्द ध्वनि पनि*
*शब्द धर्मग्रन्थ हुन् विभिन्न रूपमा गाइएका*
*शब्द दृष्य हुन् अनि शब्द अदृष्य पनि*
*शब्दले सम्पूर्ण ब्रह्माण्डको सृष्टि गर्छन्*
*कबीर भन्छ तिमी शब्दलाई जाँच*
*ए भाइ ! शब्द नै ईश्वर हुन्*

*( कबीर वचनावली, पृ. १८६ )*

रहस्यवादी कवितालाई शुद्ध कविता कै मानक प्रयोग गरेर जाँच्नुपर्ने हो कि भन्ने विषयमा संस्कृतका अलंकारवादी र पाश्चत्य सौन्दर्यवादीहरूका माझ्मा लामो वाद–विवाद चेलेको छ। आंशिक रूपमा यो उदात्त र सुन्दरताबीचको पुरानो भेद हो। संस्कृत साहित्यमाथि लेख्ने, सबैबाट ग्रहण गर्ने भारतीय समीक्षकहरूले यो विवादको समाधान खोज्दै कविताबाट प्राप्त हुने आनन्द ईश्वरीय परम् सुख (ब्रह्मानन्द–सहोदरह) जम्ल्याहा दाज्यु–भाइ हुन् भने। अर्कातिर, आज पनि पुराना विचारका आलोचकहरू हिन्दीमा कम छैनन् जसले कबीरलाई कवि नमानेर बरू त्यस्ता सन्त र भक्त मान्छन् जसले कनिकुथिकन केही पद्य लेखे। त्यस्ता आलोचकहरूले सायद तकनिकको मिहिनता, र शैलीको परिपक्वता आदिमा अचाँहिदो जोड़ दिए। तर यदि महान कविको एउटा लक्षण उसको विशिष्ट वा विलक्षण व्यक्तितत्व हो भने कबीर निःसन्देह महान कवि हुन्।

कविले प्रयोग गरेका विम्ब र प्रतीकहरू कहिले कहीं अस्पष्ट थिए जो तिनताक चलनमा थिएनन् तथापि ती केही आधुनिक कविहरूले प्रयोग गरेका अस्पष्ट र मनगड़न्ते झै भने छैनन्। कबीरका धेरै पद्यहरू हेर्दा सरल र सहज देखिए तापनि ब्लेक वा रिल्केका पद्य झै आध्यात्मिक अर्थगहनताले ओतप्रोत छन्। सत्य के हो भने कबीर कवि भन्दा अझ माथिका व्यक्तितत्व थिए। एकै समयमा दुइवटा धरातलमा बाँच्थे। उनकालागि ईश्वर चेतना र कविता विश्लेषण गर्न सकिने दुइ भिन्न मानसिक अवस्था थिएन। रहस्यवादी

मेइस्टर एकहार्टले ठीकै भनेका थिए *"मानिस परम्‌मा एक हुनुपर्छ जसको अर्थ हो उसले ईश्वरलाई अनि ईश्वरलाई मात्र देख्नुपर्छ। त्यसपछि उ 'फर्कनु' पर्छ। जसको अर्थ हो उसलाई ईश्वरको ज्ञान हुनुपर्छ अनि त्यो ज्ञानको चेतना पनि उसलाई हुनुपर्छ।"* कबीरमा त्यस्तै प्रलाप छ र उनी प्रश्न गर्छन्: *'हे कमल! तिमी किन मुर्झाउँछौ? तलाउको पानी तिमीसित छ। तिमी त्यही पानीमा जन्मेका हौ। सधैं पानीले घेरिएर त्यही पानीमा बाँच्छौ। छेऊछाऊमा कही पनि आगो छैन। तरै पनि तिमी किन मर्छौ?' (हेर्नुहोस् कबीर ग्रन्थावली (स.) एम.पी. गुप्त, पृ. १८३ )*

## भाषा

कविताद्वारा कविता परको विशिष्ट -सम्वेदनशीलता जो व्यक्त हुन्छ त्यसको महत्वपूर्ण एउटा तत्व हो—कविले प्रयोग गरेको भाषा। प्रत्येक कविले आफ्नै वाक्‌पद्धति छान्दछन् अनि आफ्नो काल्पनिक श्रोतालाई सम्बोधन गर्छन्। कबीरको महानता केमा छ भने उनले तिनताकको विज्ञजनको भाषा संस्कृत अथवा दरवारी भाषा फारसीको वास्ता नगरेर आफ्नो पद्य र दोहाहरूमा आफ्नै मिश्रित भाषामा लेख्नुमा छ जसलाई अब हिन्दीका विद्वानहरूले *'साधुक्कड़ी'* (साधुहरूको भाषा) भन्छन्। डा. गोविन्द त्रिगुणयात आफ्नो पुस्तक **'कबीर की विचारधारा'**—मा लेख्छन् : *'कबीरले एउटा भाषामात्र प्रयोग गरेनन्। उनको वाणीमा हिन्दी, उर्दू, फारसी, र धेरै बोली जस्तै भोजपूरी, पञ्जाबी, मारवाड़ी आदिको मिश्रण पाइन्छ।'*[१]

कबीरका कृतिहरूका विश्वासनीय पहिलो संकलन हो डा. श्याम सुन्दरदासद्वारा सम्पादित **'कबीर ग्रन्थावली'** जो सम्बत् १५६१ अनि १८८१ (सन् १५०८ अनि १८२८)—को दुइ पाण्डुलिपिका आधारमा छ; अर्को हो डा. राम कुमार वर्माद्वारा लिखित **'सन्त कबीर'** जसमा ग्रन्थ साहिबमा जुन कबीरका पदहरू छन् त्यो पनि समावेश छ। यी दुवैमा हामी (१) पञ्जाबीपन (२) भोजपुरीको संज्ञा र कियारूपहरू (३) खड़ी बोलीको केही रूपहरू (४) विषयानुसार भाषा, (५) धेरै शब्दहरू क्षेत्रीय भाषाहरूबाट लिएका छन्, (६) सरल र सोझो अभिव्यक्ति (७) प्रतीकवाद र तकनिकी सांकेतिकता (८) कुनै मान्य रूपलाई पैल्याएको छैन।

आचार्य रामचन्द्र शुक्ल आफ्नो **'हिन्दी साहित्य का इतिहास'** मा लेख्छन् कि हिन्दीका सन्त कविहरूले खड़ीबोली प्रयोग गरे जो सिद्धहरूबाट पाएका थिए। तर

---

१. पृ. २६५. दोस्रो संस्करण

डा. त्रिगुणयात यो विचारसित सहमत छैनन् र विश्वास गर्छन् कि कबीरले आफूलाई *पूर्वी* (पूर्ब यू.पी., वाराणसीको बोली)—मात्रमा सीमित राखेनन् तर धेरै बोलीहरूको प्रयोग गरेर आफूलाई अन्य क्षेत्रबाट आउने सन्तहरूसित आफ्नो विचार व्यक्त गर्न सक्षम बनाए। कबीरले हिन्दी पण्डितहरूको कुरा गर्दा फारसी मिश्रित हिन्दी प्रयोग गरे। उनका भाषामा बंगला क्रियाको रूप *'आछिलो'* आदि पाइन्छ। राजस्थानी, र लहँदाका शब्दहरू पनि पाइन्छन्। उनका भाषाका विशेषता हुन् झट्ट हेर्दा सरल तर अर्थ लगाउन कठिन पर्ने। त्यसमा थपिएको अर्को समस्या हो एउटै पद विभिन्न रूपमा पाइनु, हुनसक्छ, यो मौखिक परम्पराले गर्दा भएको हो। धेरै शब्दहरू यस्तो प्रकारले बदलिएका छन्, यति अपभ्रंस भएका छन् कि जसको अर्थ लगाउन र मूल रूप पाउन कठिन हुन्छ।

कबीरको अस्पष्टता र अनेकार्थीका कारणले उनको **'उलट—बाँसियाँ'** —को भाषालाई **'संधा—भाषा'** (विधु शेखर भट्टाचार्य अनुसार) या **'सन्ध्या—भाषा'** भेटने ठाँउको भाषा अथवा सान्ध्यको भाषा भनिन्छ। डा. एस्.बी. दासगुप्तले आफ्नो पुस्तक **'अब्सक्योर रिलिजियस् कल्टस'** —मा यसको चर्चा उठाएका छन् अनि यस्तो विरोधाभास प्रयोगका विभिन्न कारणहरू दिएका छन्। यो विरोधी पक्षलाई ध्वस्त पार्नु जानी जानी गरिएको वा अपभ्रंस र हिन्दीको मिश्रणको कारणले गर्दा वा त्यस्तो भाषा बंगाल र बिहारको सीमानामा थियो। संस्कृतमा *'सन्धि'* शब्द लाक्षणिक भाषाको निम्ति प्रयोग गरिन्थ्यो अनि हुन सक्छ कबीर जस्ता कविले जानेरै त्यसो गरे जस्तै तान्त्रिकहरुले जनसाधरणका निम्ति अनुचित ठानेका संकेतहरु गुप्त राखे। जेसुकै कारण भए पनि कबीरका धेरै कविताहरू सोझै हेर्दा युक्ति संगत देखिन्न। यो हुन सक्छ कि कबीरले अपठ्यारो संस्कृतको सहायता लिने पण्डितहरूलाई हराउने मनोरञ्जनमा त्यसो गरे। *'सान्ध्या—भाषा'* का यस प्रकारका केही उदाहरणहरू तल 'बिरोधाभास' शीर्षककमा दिइएको छ।

# बिरोधाभास

कबीरका यी पदहरूलाई **'उलट—बसियान'** वा **'उलट—बतियान'** (उल्टो बाँस वा उल्टो कुरा) पनि भनिन्छ। एउटा उदहारण **'कबीर ग्रन्थावली'**—मा छ (पृ. १४१):

*यस्तो अनौठो कुरा गुरुले भने*
*म अच्मभित भएँ*
*मूसा हात्तीसित लढ़े*

*यो बिरलै देखिन्छ*
*मूसा प्वालमा पसे*
*सर्प डरले भाग्यो*
*उल्टो मूसाले सर्पलाई खाए*
*यो अत्यन्त आश्चर्यजनक थियो*
*कमिलाले पहाड़लाई लड़ाए*
*अनि खुल्ला जग्गामा ल्याए*
*भाले मान्छेसित लढ़े*
*माछा पानीकोपछि दौढ़े*
*गाईले बाछीको दूध दुहुँदै थियो*
*बाछीले दूध दिँदै थियो*
*यस्तो अचम्भ भयो*
*मृगले बाघलाई मारे*
*ब्याधा झाड़ीको पछि लुके*
*खरायोले काँड़ हाने*
*कबीर भन्छ उसलाई गुरु बनाउँ*
*जसले तिमीलाई यो कविताको अर्थ बुझाउँछ ।*

डा. हजारी प्रसाद द्विवेदीले यी कविताहरूको चर्चा **'यौगिक एलिगारिज एण्ड उलट–बँसियान'** शीर्षक भएको अध्यायमा गरेका छन् अनि **'कबीर ग्रन्थावली'** -बाट अर्को पद उद्धत गर्दै विश्वनाथ, बिचारदास अनि परम्परावादीहरूद्वारा यस पदका २३ वटा प्रतीकात्मक शब्दहरुको तीन बिभिन्न अर्थहरूको अभिप्राय स्पष्ट गरेका छन् ।

*(सन्तान जगत् नींद ना क्यै------)*

*ए सन्त हो !*
*ननिदाउ ब्यूझिरहेको बेला*
*मृत्युले खाँदैन जमानाले ढाक्तैन*
*शरीर बुढ़ेसकाले खियाउँदैन*
*बरु गंगामा सागर अटाउँछ*
*अन्ध्यारोले सूर्यलाई ढाक्छ*
*रोगी मान्छेले नवग्रहलाई नाश गर्छ*
*पानीको प्रतिविम्बले प्रकाश दिन्छ*
*खुट्टैबिना कोही दशै दिशातिर दौड़न सक्छ*
*आँखैबिना संसार देखिन्छ*

*खरायोले सिंहलाई खान्छ यस्तो उदेक कसले हल गर्ने ?*
*घोप्टिएको घैंटो पानीमा डुब्दैन*
*सोझो चाँहि यसले भएिको छ*
*के कारणले मनिसहरू भिन्न छन्*
*गुरूकै कृपाले तिनीहरू सफल हुन्छन्*
*गुफाभित्र सम्पूर्ण संसार देखिन्छ*
*बाहिर केही देखिन्न*
*उँभोतिर फर्काइएको काँड़ले व्याधालाई मारे*
*बीरलेमात्र बुझन सक्छ*
*गायक अनुरोध गरिदाँ गाउँन  सक्तैन*
*गूँड़.गो सधैं गाउँछ*
*चटकवालाको  खेलले  दर्शकलाई हेर्दैछ*
*'अन्हाद' कारण बढ़ेकोछ*
*वकतव्यले आफैलाई निरीक्षण गर्छ*
*यी सवै व्यक्त गर्न  नसकिने कथाहरू*
*पृथ्वी आकाशमा प्रवेश गर्छ*
*यो  मान्छेको शब्द हो*
*बिना प्याला अमृत टप्किन्छ*
*नदीले पानी कतै थन्क्याउँछ*
*कबीर भन्छ उमात्र अमर हुन्छ*
*जो राम— सुधा रस पिउँछ।*

प्रथम पल्ट पढ़दा यस्ता रचनाहरू अतर्क सगंत भएको भान हुन्छ। तर यी सबै शब्दहरूका प्रतीकत्मक अर्थहरू छन्: मनलाई साधारणतः माछा, बुनकर, व्याधा, हात्ती निरञ्जनसित; आत्मालाई छोरो, बाछा, शिकार, सिहं,मूसा, गाई अनि, बिरालोसित; संसार —जंगल अथवा सागर जस्तो छ। यस्ता गीतहरूमा संरव्यावाचक अंकहरु पनि छनः पाँच भन्नाले पञ्च तत्व, इन्द्रिय बुझिन्छ, तीन भन्नाले तीन काल अथवा तीन लोकहरु बुभिन्छ, आठ भन्नाले शरीरमा भएको आठ केन्द्रहरु बुभिन्छ जो चाँहि मोटामोटी रुपमा ग्रथीद्वारा हरमनलाई रस दिइरहैझै छ। जस्तै यो दोहामा छ:

*चौसाट्ठी दीयोहरु चौदह चन्द्रमामा जलाए*
*घरमा कुन चन्द्रमा छ जहाँ गोविद छैन।*

चौसाट्ठीले कला अनि चौदहले विद्या वा उपब्धि बुझाउँछ।

यस्तो विरोधाभासको लामो परम्परा उपनिषद् कालदेखि नै छ। उँधे मुन्टे रुख अनि

दुइ चराहरू सर्वविदितै छ। तैत्तरीयोपनिषद्मा एउटा अंश छ जसले भन्छ, *'आकाश पृथ्वीमा सुसाउँछ अनि पृथ्वी आकाशमा।'* बज्रयानी बौधहरूले यसलाई अझ अधाड़ी बड़ाएका छन। शायद कबीरले यो तिनीहरूबाटै प्राप्त गरेका हुन् कि ?

## छन्द

कबीरले विभिन्न छन्दहरूको प्रयोग वा त्यसको कला प्रवीणता देखाएको देखिन्न। उनले साधारण छन्द जस्तै *'दोहा'* वा *'साखी'* *'सबद'* अनि *'रमैनी'* प्रयोग गरेका छन् जो चौपया वा चौपदहरू थिए। मुख्यतः ती दुइ पंक्तिका ससाना दोहा व लामो पद छन् जसलाई गाउँन सकिन्छ। ती पदहरूका धुन लोकगीतबाट लिइएको छ। यो हुन सक्छ कि ती पदहरू सामूहिक रुपमा गाउँनाले र त्यसको मिठासले घरि–घरि गाउँन सम्भव भयो। कबीरले प्रयोग गरेका छन्दहरू, छन्द विधानको कठोर धेराभित्र थिएन। तिनिहरूको आफ्नै विधान थियो अनि कबीरले आफ्नै आन्तरिक लयको बुट्टा भरेका थिए।

एम्. ए. घानीले आफ्नो **'हिस्ट्री आफ परसियन ल्यांगुएज एट दि मुगल कोर्ट'** –मा लेखेका छन् कि– *'हमन है इश्क मस्ताना हमन को होशियारी क्या'*– बाट शुरू हुने छः पंक्तिका गजल उर्दूमा सवैभन्दा पहिला रचना गरिएको गजल मान्न सकिन्छ होला। तर यो कुरालाई जाँच नगरी भनिएको बुझिन्छ। त्यस भन्दा अघि उर्दूमा दखनी गजलहरू छन् अनि चन्द्रभान नामक ब्रह्मणले रचेको एउटा गजलको उल्लेख राम बाबू सक्सेनाको **'ए हिस्ट्री आफ उर्दू लिटरेचर'**–मा पाइन्छ। कबीरले उर्दू वा फारसी छन्दहरु लिएका छैनन् तथापि यो बुझिन्छ कि उनले सूफी पद्यहरू सुनेका थिए अनि उनका कवितामा प्रेम अनि भक्तिमा लीन बनाउँन सक्ने शैलीहरू ती सूफी पद्य कै परिपाटीको थियो।

कबीर सचेत शिष्ट कवि थिएनन्। उनले आफ्नो आनन्द र पीढ़ालाई सहज भाषामा भन्न चाहान्थे। उनले बुट्टादार शब्दलाई पर्खेनन् तथा विचारकको प्रशंसाको परवाह गरेनन्। त्यसैकारण उनका रचनामा खस्रोपन तथा कठोरता पाइन्छ जसले त्यसलाई अनौठो मिठास दिएको छ। उनका पद्य ढांचा सहज भए तापनि बुझन गाह्रो पर्छ। धेरै जस्तो उनका दोहा र पदहरू रचनाकारको नाउँसित टुङ्गिन्छ। तिनताक धेरै अनुकरण गर्ने वा अर्काको रचना टिप्ने व्यक्तिहरू थिए त्यस्तो समयमा यसले कपिराइटको काम गर्‍यो। मूल रचनाकार को हो त्यो देखाउँन जरूरी थियो र मध्यकालीन सन्त–कविहरूका गीतमा सधैं यस्ता लाइनहरू 'मीरा भन्छिन् हे गिरधर नागर' अथवा 'तुलसीदास भन्छन् ....' अथवा 'सूरदास सम्झन्छ श्याम....' आदि।

कबीरको दोहाहरूको विशेष उल्लेख जरूरी छ किन भने पछिका हिन्दी कविहरूले सात सय दोहाहरूको धेरै संग्रह सतसाइ मध्यकालीन आर्य सप्तशतीको ढाँचामा लेखेका छन्। तर कबीरले सात सय दोहाहरू हुनुपर्छ भन्ने कुराको परवाह गरेनन्।

## अन्य काव्यगुण

मराठी कवि नामदेव, पञ्जाबी कवि नानक, तेलेगु कवि बेमना, कन्नड़ कवि बसवेश्वर अनि गुजराती कवि अखोले कबीर जस्तै जात, धर्म, वा गुटको परम्परालाई तोड़ेर उदार र मानववादी विचार देखाउने रचना गरे। सनातनी विचारले जन–मानसमा गहिरो जरा गाड़ेको बेलामा यस्तो कुरा भन्नु वा लेख्नु अति कठिन कार्य थियो। हिन्दी समालोचनामा (हेर्नुहोस् पूर्वी टाइम्सको कबीर विशेषांक, जून १९६६ मा प्रकाशित यशपाल, सम्पूर्णानन्द, अमृतलाल नागर, अलि सरदार जाफरी, फिराक गोरखपुरी, प्रकाश चन्द्र गुप्त, ई चेलीसेब र अन्य रचनाहरू) कबीरलाई हिन्दीको प्रथम विद्रोही कवि अनि सर्वप्रथम आधुनिक विचारधाराको कवि मानिएको छ। युवा समालोचक ठाकुर प्रसाद सिंहले पूर्ण गम्भीरतासित भनेका छन् कि कबीर हिन्दी 'विट' कविता का पितामह हुन्।

माथि उल्लेखित रचनाहरूले कबीरले पाठक वा श्रोतालाई कसरी झट्ट आकर्षण गर्थे भन्ने कुरामा जोड़ दिएको छ। कबीरलाई पढ़ेपछि व्यक्ति परिवर्तन नभइ रहन सक्तैन, उनले मर्मलाई छोइ दिन्छन्। यस कुरालाई प्राप्त गर्नलाई कबीरले बुनकर वा उच्च हिन्दू जाति वा संरक्षणवादी मुसलमानले सताइएको व्यक्तिको आफ्नो व्यक्तिगत अनुभवलाई प्रयोग गर्दै अनि आफ्नो सामाग्रीलाई सर्वदेशीय अनि हृदयमा गहिरो छाप छोड़न सक्षम हुने रूप दिएका छन्। उसको व्यक्तिगत विरोध लाखौं लाटा–निमुखाका आवाज भए।

फिराक गोरखपुरी अनुसार कबीरले पूर्वी यू.पी. का ग्रामीण मानिसको बोलीलाई नयाँ अर्थ दिँदै सजग बनाए। उनले तिनीहरूको बोलीमा विद्युत तरङ्ग भरी दिए। कबीरद्वारा भाषाको यस्तो रूप परिवर्तन गरिएका धेरै उदाहरणहरू फिराकले पेश गरेका छन्। कबीरले स्कूले शिक्षा पाएका थिएनन् तापनि उनी भारतीय साहित्यका महान रचनाकार हुन्। कबीरले मानव जीवनलाई परिवर्तनको एउटा रूप ठाने अनि 'मुट्ठीभरि धुलोमा लुकेको संत्रास' -सित सचेत टी.एस्. इलियट झैं थिए। उनले आफ्नो दोहामा 'गुलाबमा परेको कीरा' भावलाई राम्ररी व्यक्त गरेका छन्, जस्तै "हामी जान्दैनौ एक चौथाइ सेकेण्डले के परिवर्तन ल्याउन सक्छ तापनि हामी भोलीका निम्ति योजनाहरू बनाउँछौ;

मृत्यु बाजले सानो चरालाई छोपे झैं अचानक आउँछ।' 'मालीलाई बधैंचामा देखेर कोपिला हरू चिच्याइ उठ्छन्: उसले आज फुलेको फूललाई टिप्छ, भोली हाम्रो पालो आउने छ।' 'माटोले कुम्हालेलाई भने –मलाई किन कुल्चन्छौं ? समय आउनेछ तब म तिमीलाई कुल्चेछु।' यो जस्तै एउटा 'रूवाई' उमर खैय्यामको 'कूजा –नामा'–मा पाइएको छ।

गाँधीजीले कबीरका निम्नलिखित गीतलाई आफ्नो भजनावलीमा लगााएका थिए

*( झिनी झिनी बिनी चादरीया...... )*

*फन्को के हो अनि बाना के हो*
*धागो के हो जसबाट खास्टो बुनिन्छ ?*
*इंगला र पिंगला, फन्को र बाना हुन्*
*'सुसमान' धागोहरू हुनू, जसबाट खास्टो बुनिन्छ।*
*आठ कमलहरू अनि दश घुम्ने पाङ्ग्राहरू हुन्*
*पाँच तत्वहरू अनि तीन खास्टोका गुणहरू*
*स्वामीलाई यो बुन्न दश महीना चाहिन्छ*
*कुटि–पिटि यसलाई राम्रो बुनोट दिँदछ।*
*यो खस्टोको प्रयोग ईश्वर, मानिस र मुनीहरूले गरे*
*अनि प्रयोग गरे अनि खास्टो मैला बनाए*
*कबीर दासले यसलाई होशियारसित प्रयोग गरे*
*अनि खास्टोलाई जस्ताको तस्तै राखे।*

*–(शब्दावली, पृ. ६८)*

तान बुन्नु नै कबीरको पेशा थियो। गाँधीजीले पनि धागो कात्ने र लुगा बुन्ने कामलाई महत्व दिए। धेरै कुरामा भारतका यी दुई महापुरूषहरूमा समानता देखिन्छ जब कि उनीहरूले भिन्न समय र परिस्थितिमा त्यस्तो कार्य गरे।

कबीरका कविताको अर्को ठूलो गुण हो--बासी या पुरानो नहुनु। कबीरले मानिसको मूलभूत चहानामाथि सही औंली राखे, त्यो हो आन्तरिक शान्तिका निम्ति अनन्तको अभियान, त्यो पनि यस्तो तह नमिलेको सामाजिक परिवेशमा जहाँ मानिसले आफूलाई कहीं अड्याउँन सक्तैन। जहाँ धर्म संकिर्ण विचारको कर्मकाण्डमा परिणत भएपछि, जहाँ दर्शन केवल मौखिक बठ्याई, भाषिक जञ्जालमात्र भएपछि, विवेकको संकट अनि नेतृत्व पंगु छ त्यहाँ कबीरको कविता प्रेरणाको श्रोत बने। धेरैपल्ट उनले तथाकथित ज्ञानी मान्छेहरूको ढोंगीपन, दुइमुखे बोली, दुइपाटे विचारहरूको भण्डाफोर गरेर हामीलाई छक्क पार्छन्। तथापि, उनमा नैराश्यको छनक हुँदैन। कबीरको काव्य संसार

दुःखको अखड़ा, बिछोड़को लामो रात, तर्न नसकिने गहिराईमात्र थिएन। उनमा ग्रामीण सशक्तता र विद्रोही जोश छ। उनलाई सधैं 'परको आशा' रहन्थ्यो। निःसन्देह यो आशा आध्यात्मिक छ अनि यो पनि भन्न सकिन्छ कि आजको मूल्यहीन युगमा यो असत्य र भ्रामक पनि सुनिन्छ। कति कबीरको ईश्वरवादसित सहमत नहोलान्; उनका कवितामा धेरै कुरा छन् अनि त्यसको रसास्वादनका निम्त कबीरपन्थी हुन पर्दैन। यसैमा उनलाई सदैव महान कवि बनाइ राख्ने गोप्य कुरा छ। उनले देश र काललाई नाघेर गए। उनको काव्यदृष्टि उच्च र महान छ। उनले तेह्रौं–चौदहौं शताब्दिको हिन्दूस्तानको राजनैतिक परिपाटीको वास्ता गरेनन्, न त उनले त्यस समयको साहित्यिक वा परम्परावादी विचारहरूको नै वास्ता गरे। उनले त्यही गरे जसलाई नित्सेले *'हो भन्नु'* भन्दथे। कुनै पनि यस्तो कार्य गर्न सक्नुलाई अदम्य सहास चाहिन्छ। कबीरमा सत्य बोल्न सक्ने शक्ति थियो अनि परिणाम भोग्न सक्ने बीरता पनि। त्यसैकारण, कबीरका कविता भिन्नै प्रकारको भएर चिनिन्छ अनि यसले धेरै परम्पराको साङ्लो चुड़ाई दिन्छ। यो स्वतन्त्र आत्मा भएको कविता हो।

# अनुवादहरू

## अविनासी दुलहा कब मिलि हौ.....

*कहिले म भक्तको रखवाला*
*अमर प्रेमीलाई भेटुँला?*
*म जलमा/जन्मेको हूँ, जललाई प्रेम गर्छु,*
*म चिच्याउँछु : तृष्णा, तृष्णा !*
*म हूँ विरहिणी उभिइरहेकी पर्खीरहेकी,*
*तिमीलाई, प्रिये,*
*तिम्रो प्रेममा परें घरलाई त्यागें*
*म तिम्रै पाउमा छु।*
*यो हृदयमा तड़पन यस्तो हुन्छ*
*पानी बिना माछा जस्तो*
*दिन र रातमा न त भोक न त प्यास नै छ*
*न म घरमा न बाहिर नै सुखी छु,*
*यो ओछ्यान मेरो शत्रु भएको छ*
*रात भर म जाग्रत हुन्छु*
*हे प्रभु! हामी तिम्रा दासीहरू*
*तिमी हाम्रा स्वामी*
*हे दीन दयालु, तिमी आऊ*
*तिमी सर्वशक्तिमान स्रष्टा हौ,*
*कि हामी प्राण त्यागछौं*
*कि मलाई तिम्रो भक्त बनाऊ*
*कबीरदास भन्छ, बिरह बढ़्दो छ।*
*कृपा गरेर मलाई तिम्रो दर्शन देऊ।*

*( कबीर, एच.पी. द्विवेदी, पृ. ३२६ )*

## तलफै बिन बालम मोर जिया

*प्रेमी बिना यो प्राण व्याकुल छ*
*दिनमा न शान्ति छ, रातमा न नींद*
*त्यसैले मैले अनीदो रात बिताएँ*
*यो शरीर र मन निरन्तर पल्टा खाइरहन्छ*
*जस्तै फारसी चर्खा, यो जीवन ब्यार्थै शून्य खाटमा बितिरहेछ,*
*थकित नेत्रहरू छन् कुनै उपाय सुझ्दैन*
*निर्मोही स्वामीले मलाई सम्झेनन्।*
*कबीर भन्छ, सुन हे साधु,*
*दुःखले मलाई निलिसके, मेरो दर्द निवारण गरिदेऊ।*

*(कबीर, एच.पी. द्विवेदी, पृ. ३२६)*

## पिया मिलन आस रहौं कब लौ खड़ी....

*कति समयसम्म म प्रियलाई पर्खिन्दै उभिरहूँ ?*
*म त्यतिमाथि उक्लिन सक्तिनँ*
*लाजले हृदय मेरो पानी पानी भएको छ*
*मेरा पयर स्थिर छैनन्*
*कुनै पनि दिशामा लड़न सक्छु*
*घरि घरि म उक्लन्छु*
*सावधानसित कदम चाल्छु,*
*मेरो शरीर काम्छ*
*त्यसैले म धेरै प्रकारले डराएको छु।*
*यदि मेरो कर्मको माया जालले मलाई घेर्छ भने*
*म भ्रममा नै रहन सकूँला*
*म साह्रै कलिलो र निर्बोध छु*
*अनि यो पथ अति साँघुरो छ।*
*तिम्रो गति अस्थिर छ*

*म तिमीलाई कसरी भेटुँला ?*
*भित्री पर्दा हटाइदेऊ*
*शब्द मुटुमा लेऊ*
*कबीरदास भन्छ, उसले तिमीलाई*
*तिम्रो हृदयमा देख्ने छ, ए पगली स्वास्नी मान्छे !*

## अपुनपौ आप ही बिसारो....?

*आफैले आफैलाई बिर्से*
*जस्तै ऐनाको घरभित्र कुकुरले*
*आफ्नै प्रतिविम्बलाई भुक्छ*
बाधले आफ्नो प्रतिविम्ब
*अन्ध्यारो इनारमा देखेपछि हामफाले झैं,*
*पगला हात्तीले उसको दाँत*
*सेतो चट्टानमा दलेपछि,*
*बाँदरले हत्केलामा मिठाइ लियो*
*तर ढोका ढोका नाँच्दै गयो।*
*कबीर भन्छ, तिमी बनको सुघा हौ*
*तिमीलाई कसले पिञ्जरामा बन्द गरयो ?*

*( कबीर, एच.पी. द्विवेदी, पृ. ३४४ )*

## ऐसा भरम बिगूचन भारी.....

*यस्तो भ्रम यो विशाल सृष्टिमा*
*वेद र कुरान, स्वर्ग र नर्क,*
*को पुरूष हो, को स्त्री हो ?*
*यो माटोले बनिएको पात्र हो,*
*'नाद' अनि 'बिन्दु'* एउटै हो,*

* राहित्यिक, ध्वनि अनि एक थोपा। यी शब्दहरूका गूढ़ रहरयवादी अर्थ छन्।

*एकपल्ट पात्र फुटेपछि, त्यसलाई कुन नाउँ दिने ?*
*ए मूर्ख मान्छे खोज तिमी हराएका छौ,*
*त्यही हाड़ र छाला अनि मल र मूत्र*
*अनि रगत र 'गधा प्वाल', एउटा छाप*
*सम्पूर्ण सृष्टि गर्‍यो त्यही थोपाले।*
*को ब्राह्मण हो अनि को शुद्र ?*
*ब्रह्मको राजस छ अनि शंकरको तामस*
*हरिका सात गुण छन्*
*कबीर भन्छ, राम प्रत्येक हृदयमा छ*
*को हिन्दू अनि को तूर्क !*

*( कबीर ग्रन्थावली, (सं.) एस्.एस्.डी., पृ. १०६ )*

## तोको पीव मिलेंगे, घूंघटके पट खोल रे......

*तिमीले तिम्रो प्रेमी भेट्ने छौ*
*तिमीले तिम्रो धुंघटमात्र हटाइ देऊ !*
*प्रभु प्रत्येक प्राणीमा बस्छन्,*
*किन तिमी खरो बोल्छौ ?*
*सम्पत्ति र सुन्दरताको घमण्ड छोड़िदेऊ*
*भ्रम हो यो पञ्च–रङ्गी चोला*
*दीप जलाउ दरवारमा निराकारको*
*आशामा नभूल।*
*कष्टसाथ हिंड़ेर मैले पाए*
*प्रियलाई रङ्गीन प्रासादमा*
*कबीर भन्छ, यो परम् सुख हो*
*नगरा अहनादको बज्दैछ।*

*( कबीर, एच.पी. द्विवेदी, पृ. ३०५ )*

## रहना नही देश बिराना है.....

*छैन घर यहाँ, बिरानो देश हो यो।*
*यो संसार कागजको खोल हो,*
*एउटै थोपा यदि खसे यो पखालिने छ।*
*काँड़े जंगल हो यो संसार*
*यहाँ अल्झिइन्छ र हराइन्छ।*
*यो संसार रूखहरू र पोथ्राहरू हो,*
*यसमा यदि आगो लागे, सबै भस्म हुनेछ।*
*कबीर भन्छ, सुन ए साधुहरू !*
*सत गुरूको नाउँ नै लक्ष्य एक।*

*( कबीर, एच.पी. द्विवेदी, पृ. ३०८ )*

## बूढ़िया हँसि बोली....

*एउटी बूढ़ी स्वास्नी मान्छे हाँस्दै भन्छिन् म चीर तरूणी हूँ*
*मभन्दा तरूणी को छ, को बढ़ी स्त्रैण छ ?*
*पान चबाएर मेरा दाँतहरू झरे*
*गंगा नुहाएर झरे मेरो केश*
*गाजल लगाउँदा मेरो दृष्टि गयो*
*पर–पुरुष* स्वीकार्दै जीवन मेरो बित्यो,*
*बुझ, पुरूषहरू मेरा आहार हुन्*
*अनजान पुरूषको निम्त म आफूलाई सिंगार्दछु,*
*कबीर भन्छ, बूढ़ी स्वास्नी मान्छे खुशीले गाउँछिन्,*
*आफ्ना छोरा–छोरी र लोग्नेलाई खान्छिन्।*

*( कबीर बीजक, (सं.) शुकदेव सिंह, पृ. १८४ )*

---

* साहित्यिक, अर्को पुरूष; प्रेमी

## माया महा ठगिनी हम जानी.....

*माया जण्डाकी जादूगर्नी अनि ठग पनि*
*त्रिगुण भएकी हातमा पासो लिएकी,*
*कर्णप्रिय बोली बोल्छे*
*केशवका निम्ति कमला बन्छे*
*शिवका निम्ति, भवानी तिमी*
*पूजारीका निम्त पूजाको मूर्ति हुन्छे*
*उ पानी हो धर्म स्थलमा*
*जोगिनी उ जोगीलाई*
*रानी उ राजालाई*
*हीरा हो उ कसैलाई*
*कसैलाई उ निर्धन कवाड़ी*
*भक्तका लागि उ भक्त हो*
*ब्राह्मणी उ ब्राह्मणलाई*
*कबीर भन्छ, सुन ए साधुहरू हो !*
*यो कथा हो कहिल्यै पूर्ण नभनिएको।*

*( सबाद, कबीर साहेब कि बीजक, बेलभेडियर प्रेस पृ. ५२–५३ )*

## लाओ बाबा आगि जलाओ घरा रे....

*हे बाबा ल्याउन आगो*
*यो घर जलाउँ*
*त्यसकारणले यो मन*
*रूमलिएको छ धन्दामा*
*एउटी बोक्सी बस्छे मेरो मनमा*
*सधैं उठ्दै डस्छे मेरा आत्मालाई*
*त्यस बोक्सीका पाँच भाइ छोराहरू छन्,*
*जसले मलाई दिन–रात नचाउँछन्*
*कबीर भन्छ, म त सेवक प्रभुको*
*म छु यो बोक्सीदेखि अनाशक्त।*

*(कबीर, हजारी प्रसाद द्विवेदी, पृ. ३११)*

## अरे इन दोउन राह न पाई....

*अहो ! ती दुवैले बाटो बिराए*
*हिन्दू आफैले आफैलाई श्रेष्ट भन्छन्*
*अनि अरूलाई छुन दिँदैन उनीहरूका पानीका घड़ा;*
*तिनै हिन्दू सुत्छन् वेश्याको पयरमा*
*हेर ! तिनीहरूको हिन्दूपन*
*पीर अनि औलिया मुसलमानको खान्छ मासु कुखुराको*
*मैले देखैको छु हिन्दूको हिन्दूपन*
*अनि तूर्कहरूको तूर्कबाद*
*कबीर भन्छ, सुन ए साधुहरू हो !*
*कुन पथ लाग्नु हो ?*

## नजाने साहिब कैसा है....

*म जान्दिनँ साहेब ( स्वामी ) के कस्ता छन् ।*
*मुल्ला चिच्याउँछन् मस्जिद्‌बाट,*
*के तिम्रो साहेब बहिरो छ ?*
*यदि कीट्‌को पयरमा धुघुँरू भए त्यसको ध्वनि पनि*
*साहेबले सुन्न सक्थे*
*तिमी भन्न सक्छौं रूद्राक्ष माला, चन्दन मस्तकमा*
*अनि लामो लट्टे केश भए पनि*
*तिम्रो हृदयको कुनामा, अविश्वासको छुरा छ*
*यसरी तिमीले स्वामी पाउने छैनौं ।*

*( कबीर, रवीन्द्रनाथ ठाकुर, पृ. ६०–६१ मा हेर्नु होस् )*

## पण्डित बाद वंदते झूठा.....

*पण्डितले सबै झूठा कुराका बहस गर्छन*
*यदि राम नाम जप्नाले मुक्ति पाए*
*'चिनी' मात्र भन्दा मुख गुलियो हुने थियो।*
*'आगो' भनेर कसैले आगो निकाल्न सक्थे,*
*'पानी' भनेर कसैले प्यास मेट्न सक्थे।*
*पिञ्जराभित्र भएसम्म सुघाले हरिनाम लिन्छ*
*तर जंगल पसेपछि यो त्यसरी बोल्दैन।*
*इन्द्रिय सुख र मायांसित तिम्रो सांचो प्रेम छ*
*तिमी झुकाउमात्र देखाउँछौ हरिका भक्तलाई।*
*कबीर भन्छ, साँचो प्रेम नजागेसम्म*
*राम्ररी घेरिएको नर्कमा तिमी जानेछौ –(बाँसको सिड़ीमा)*

*(कबीर ग्रन्थावली, (सं.) एम्.पी. गुप्त, पृ. १७० )*

## ना मै धरमी, नहीं अधरमी....

*न म धर्मी हूँ, न म अधर्मी,*
*न म भिक्षुक हूँ, न म व्याभिचारी,*
*म न फलाक्छु न सुन्छ,*
*न स्वामी न हूँ म दास,*
*न बाँधिएको न मुक्त,*
*न अनाशक्त न आशक्त*
*न अलग हूँ न मिलेको*
*न त म नर्कमा जान्छु*
*न त  स्वर्गमा नै;*
*सबै कर्म मैले गरेको हूँ*
*तथापि म ती कर्म पर छु–*
*वास्तवमा यस्तो विचार हुन्छ कम,*
*जोसित पनि यो छ उ दृढ़रहन्छ।*
*कबीरले न त कुनै मत बनाउँछ न बिगार्छ यो।*

*(कबीर, रवीन्द्रनाथ ठाकुर, पृ. ८५, हेर्नुहोस् )*

## सन्तान जात न पूछो निर्गुनिया.....

*जाति नसोध साधुको जो जात पर छ,*
*साधुहरू ब्राह्मण हुन् साधुहरू क्षत्रीय,*
*साधुहरू बनियाँ हुन्*
*साधु हुन्छन् छत्तिस जात*
*व्यर्थमा किन सोध्नु जात ?*
*साधुहरू हुन्छन् हजाम, धोबी, र सकर्मी,*
*सन्त राईदास चमार थिए*
*अनि सवपाच ऋषि च्यामे,*
*हिन्दू अनि मुसलमानका सन्तहरू हुन् एउटै*
*कहाँ छ भिन्नता ?*

*( रवीन्द्रनाथ ठाकुरको रूपान्तर, हेर्नुहोस्, कबीर, पृ. १ )*

*( कबीर, (सं.) एच.पी. द्विवेदी, पृ. २३३ )*

## तेरा मेरा मनुआ कसै इक होइ रे....

*कसरी तिम्रो र मेरो हृदय एक हुन सक्छ ?*
*यी आखाँहरूले जो देख्छन् त्यो म भन्छु*
*कागजमा के लेखिएको छ त्यो तिमी भन्छौ,*
*म समाधान दिन्छु*
*तिमी त्यो बुझदैनौं*
*म भन्छु—चनाखो रहनु हैं*
*तिमी सधैं सुत्छौं,*
*म भन्छु प्रलोभनदेखि टाँढ़ो हुनु है,*
*तिमी सधैं प्रलोभनमा पर्छौं;*
*तिमीलाई बुझाउँन खोज्दा युगौं बित्यो*
*तर कसैले बुझ्दैन ।*
*तिमी सबै क्षय गर्ने बेश्या जस्तो छौ,*
*तिमीले तिम्रो सबै सम्पत्ति गुमायौ,*

*सत् गुरु पारदर्शी धारा जस्तै हो,*
*जाऊ–त्यहाँ नुहाऊ,*
*कबीर भन्छ, सुन ए साधुहरू हो !*
*तबमात्रं यो चिताए झैं हुनेछ।*

*(कबीर, एच.पी.द्विवेदी, पृ. ३२४)*

## मोको कहाँ ढूँढ़े बन्दे.....

*साथी मलाई कहाँ खोज्छौ ?*
*म तिमी समीप छु,*
*न म बाखोमा छु न त भेड़ोमा*
*न म छुरीमा न म तलवारमा छु,*
*न त छालामा न त पुच्छरमा,*
*न त हाड़मा न त मासुमा*
*न म मन्दिरमा न छु म मस्जिदमा*
*न त कावामा न त छु कैलशमा,*
*म कुनै पूजा–पाठमा हुन्न*
*न त योगमा न त त्यागमा*
*यदि तिमी साँचो भक्त हौ भने*
*तिमीले मलाई क्षणमा पाउने छौ।*
*कबीर भन्छ, सुन ए साधुहरू हो !*
*उ मेरो श्वासको पनि श्वास हो।*

*(कबीर (सं.) हजारी प्रसाद द्विवेदी, पृ. २३०)*

# कबीरका दोहाहरू

*यदि मैले उनलाई गह्रौं ठाने भने मलाई डर लाग्छ,*
*यदि मैले उनलाई हलुङ्ग माने भने म झूठो हूँ,*
*रामलाई म कसरी जानूँ ?*
*यी आँखाहरूले कहिल्यै देखेको छैन जसलाई।*

*तिनीहरू भन्छन्—उ यति अचम्भको छ,*
*उसले सबै अद्‌भुत कुराहरू लुकाइदिन्छ,*
*वेद, कुरानसम्मले उसलाई बुझन सकेन,*
*कसले विश्वास गर्छ यो सुनेको कुरामा।*

*कर्ताका गति अगम छन्*
*तिमी तिम्रै गतिमा हिंड्छौ,*
*बिस्तारी बिस्तारी हिंड*
*तिमी लक्ष्यमा पुग्ने छौ।*

*यी नयनहरू कोठा तिर फेरिए,*
*आँखाको नानीले ओछ्यान लगाए,*
*मैले नयनको पर्दा झारें,*
*मैले प्रियलाई रिझाएँ।*

*म प्रियलाई पत्र लेखुँला*
*यदि उ विदेशमा भए,*
*तर प्रिय त मेरो मन—मस्तिस्कमा नै छ*
*कुन सन्देश पठाउँनु पर्ने हो उसलाई।*

*मैले प्रत्येक पहाड़मा खोजें*
*रोएर मैले दृष्टि गुमाए*
*मैले त्यो औषधि पाउन सकिनँ*
*जसले मृतलाई प्राण दिन्छ।*

*मेरा आँखाहरू चहर्‍याइ सके*
*प्रत्येक पल सम्झँदै तिमीलाई,*
*न त मैले तिमीलाई पाउन सके न त खुशी नै भएँ,*
*म यति पीढ़ीत छु।*

*सुखी छ संसार जो खान्छ र सुत्छ*
*दुःखी कबीरदास जो जाग्छ अनि रुन्छ।*

# हिन्दी र अंग्रेजीमा कबीरमाथि वा कबीरद्वारा लेखिएका केही पुस्तकहरूको सूची

(यो हिन्दी पुस्तकको सूची, राष्ट्रिय पुस्तकालय,वेलवेडियर, कलकत्ताको श्री कृष्णाचार्याद्वारा तयार गरिएको हो अनि यसमा डा.एम्.पी.गुप्त द्वारा लिखित **'हिन्दी पुस्तक साहित्य'** १९४२ मा उल्लेखित कबीरको पुस्तकहरूका नाउँ पनि समावेश छन् ।)

## कबीरमाथि लेखिएका पुस्तकहरू


| | |
|---|---|
| अग्रवाल,तारकनाथ | **कबीर परिचय,** बंगीय हिन्दी साहित्य परिषद्, कलकत्ता, १९५१ |
| भटनागर,राम रतन | **कबीर साहित्य की भूमिका,** राम.नारायण लाल, अलाहाबाद, १९५० |
| चतुर्बेदी, परशुराम | **कबीर साहित्य की परख,** भारती भण्डार, अलाहाबाद, १९५४ |
| बाली,तारकनाथ | **युग द्रष्टा कबीर,** विनोद पुस्तक मन्दिर, आगरा, १९५७ |
| भारत भूषण 'सरोज' अनि शर्मा श्रीनिवास | **महात्मा कबीर,** हिन्दी साहित्य संसार, दिल्ली, १५५८ |
| भटनागर, रामरतन | **कबीर,** दोस्रो संस्करण, किताब महल, अलाहाबाद, १९४८ |
| द्विवेदी, हजारी प्रसाद : | **कबीर,** दोस्रो परिवर्द्धित संस्करण, हिन्दी ग्रन्थ रत्नाकर, बम्बई, १९६० |
| द्विवेदी, केदारनाथ | **कबीर औ कबीरपन्थ : तुलनात्मक अध्ययन,** हिन्दी साहित्य सम्मेलन, अलाहाबाद, १९६५ |
| गौड़, राजेन्द्र सिंह | **सन्त कबीर दर्शन,** साहित्य भवन, अलाहाबाद, १९५५ |
| गुप्त, शिव स्वरूप | **कबीर साहित्य समीक्षा,** नवयुग पुस्तक भण्डार, लखनऊ, १९६५ |
| किये, एफ. ई. | **कबीर एण्ड हिज फलोवरस्** : अक्सफोर्ड युनिभर्सिटी प्रेस, कलकत्ता, १९३१ |
| मैनी, धर्मपाल | **कबीर का धार्मिक विश्वास,** भारतेन्दु भवन, चंदीगढ़, प्रकाशन वर्ष लेखिएको छैन. |

| | |
|---|---|
| शर्मा, सरनाम सिंह | **कबीर : एक विवेचन,** हिन्दी साहित्य संसार, दिल्ली १९६० |
| | कबीर--विमर्श, भारत भारती (प्रा. लि.) दिल्ली, १९६२ |
| श्रीवास्तव, पुरुषोत्तम लाल : | **कबीर साहित्य का अध्ययन,** साहित्य रत्नमाला कार्यालय, बनारस, १९५१ |
| तिवारी, भोलानाथ | **कबीर और उनका काव्य,** राजकमल, दिल्ली, १९६२ |
| त्रिगुणयात, गोविन्द | **कबीर की विचारधारा,** साहित्य निकेतन, दोस्रो संस्करण, १९५७ (पी.एच.डी. को निम्रि स्वीकृत शोध ग्रन्थ) |
| वर्मा, रामकुमार | **कबीरका रहस्यवाद,** साहित्य भवन, अलाहाबाद, पाँचौं संस्करण, १९४४ |
| बिजयेन्द्र, स्नातक (सं.) | **कबीर**, राधाकृष्ण प्रकाशन, दिल्ली, १९५५ |


# कबीरदासका रचनाहरु


| | |
|---|---|
| **अखरावली** | वेलवेडियर प्रेस, अलाहाबाद, १९१३ |
| **अनुराग सागर** | गुलशन--ए--पञ्जाब प्रेस, रावलपिण्डी, १९०२ |
| **अनुराग सागर** | विश्वेश्वर प्रेस, बनारस, १९२९ |
| **आत्मबोध** | सुख रामदास मधिर सिन्हा, हैदराबाद, १९०१। |
| **भणित प्रकाश** | परमानन्द साधु द्वारा सम्पादित, कोहिनूर प्रेस, लाहौर, १८८३. |
| **बीजक वाणी** | बहरामजी फिरोजशाह मदन, बम्बई, १८१० |
| **बोध सागर** | युगलानन्द द्वारा सम्पादित, पी टि एस्. १--६ वेन्केटेश्वर प्रेस बम्बई, १९०६ |
| **एकोत्तर शतक** | देन्केटेश्वर प्रेस, बम्बई, १९२० |
| **हंस मुक्ता शब्दावली** | रामलाल दयालदास, सूरत, १८९३ |
| **ज्ञान समाज** | गुरगमया, हिन्द प्रेस गुलजारी, १८६६ |
| **कबीर बोध** | भगवानदास रामजी, यावला, १८९२ |

| | |
|---|---|
| **कबीर दर्पण** | सेतवाली महम्मद पीर महम्मद, बम्बई, १८६८ |
| **कबीर ग्रन्थावली** | इण्डिया प्रेस, अलाहाबाद, १६२८ |
| **कबीर सागर** | युगलानन्द द्वारा सम्पादित, वेन्केटेश्वर प्रेस, बम्बई, १८०६ |
| **रमैनी** | लाइट प्रेस, बनारस, १८६८ |
| **शब्दावली** | गणपतिदास लक्षमणदास, टेपारी (ए.पी.) |
| **शब्दावली** | वेलवेडियर प्रेस, अलाहाबाद, १६२२ |
| **शतक** | टिकाकार अखेराय कबीर चौरा, बनारस, १६०१ |
| **उपदेश रत्नावली** : | भारत बन्धु प्रेस, अलिगढ़, १८८२ |
| **बीजक—भाष्या** | टिकाकार सदाफलदेव, मुक्ति, पुस्तकालय, बलिया १६५६ |
| **बीजक कबीरदास** : | टिकाकार विश्वनाथ सिन्हा, मोहनलाल भार्गव, लखनऊ, १६१५ |
| **बीजक (मूल)** | भार्गव पुस्तकालय, बनारस, प्रकाशन बर्ष लेखिएको छैन |
| **कबीर** | वियोगी हरि द्वारा सम्पादित, सस्ता साहित्य मण्डल, नयाँ दिल्ली, १६५० |
| **कबीर बीजक (मूल)**: | पुस्तक मन्दिर, मथुरा, प्रकाशन वर्ष लेखिएको छैन |
| **कबीर दोहावली** : | महेन्द्र कुमार जैन द्वारा सम्पादित, दक्षिण भारत हिन्दी प्रचार सभा, अलाहाबाद, १६५२ |
| **कबीर ग्रन्थावली** | पाँचौ संस्करण, सम्पादित, भूमिका सहित, श्याम सुन्दर दास द्वारा, एन्. पी. सभा, काँशी, १६५१ |
| **कबीर ग्रन्थावली सटीक** | पुष्पपाल सिन्हा द्वारा समीक्षात्मक अध्ययन र टिका, अशोक प्रकाशन, दिल्ली, १६६२ |
| **कबीर सहाब का बीजक ग्रन्थ** | टिकाकार प्रकाश मणिराम सहाब, अनि सम्पादक मोतीदास चिन्तादास, स्वसम्वेद कार्यालय, बड़ौदा, १६५५ |
| **कबीर साखी संग्रह**: | वेलवेडियर स्टिम प्रिन्टिङ्ग वर्क्स, अलाहाबाद, १६१२ |
| **कबीर संग्रह** | पाँचौ संस्करण, स. सिताराम चतुर्वेदी, हिन्दी साहित्य सम्मेलन, अलाहाबाद, १६६४ |
| **कबीर बचनामृत** : | दोस्रो संस्करण, स. मुन्सि राम शर्मा, आचार्य शुक्ला सदन, कानपुर, १६५५ |

| | |
|---|---|
| **मूल बीजक** | टिकाकार पुरण सहाब अनि परिवर्द्धित कॉंशीदास द्वारा, लक्ष्मी वेन्केटेश्वर प्रेस, बम्बई, १६३६ |
| **साखी ग्रन्थ** | दोस्रो संस्करण, टिकाकार महाराज राधवदास, बाबू बैजनाथ प्रसाद, पुस्तक विक्रेयता, बनारस, १६५० |
| **संस्कृत बीजक ग्रन्थ**: | दोस्रो संस्करण, हनुमानदास द्वारा संस्कृतमा अनुवाद, स. मोतीदास चेतनदास, स्वसम्वेद कार्यालय, बड़ौदा, १६५० |
| **सन्त कबीर** | साहित्य भवन, अलाहाबाद, १६४३ |
| **सन्त कबीर की शब्दावली** | टिकाकार मणिलाल तुलसीदास मेहता, बिट्टलदास खेमचन्द्र, अहमदाबाद, १६५८ |
| **कबीर–साखी–सार** : | सम्पादन अनि भूमिका तारकनाथ वालीद्वारा अनि टिका राम वशिष्ट द्वारा, बिनोद पुस्तक मन्दिर, आगरा, १६५६ |
| **कबीर के शब्द** | पुस्तक मन्दिर, मथुरा, प्रकाशन वर्ष लैखिएको छैन |
| **कबीर बचनावली** | स. अयोध्या सिंह उपाध्याय 'हरिऔध', दोस्रो संस्करण, नागरी प्रचारिणी सभा, वाराणसी, १६२० |
| **कबीर ग्रन्थवली** | समीक्षात्मक संस्करण, तिवारी पारसनाथ, अलाहाबाद युनिभर्सिटी, १६६१ (अलाहाबाद युनिभर्सिटी द्वारा स्वीकृत शोध ग्रन्थ, १६५७) |

## कबीरदासमाथि लेखिएका केही अंग्रेजी पुस्तकहरूको सूची

| | |
|---|---|
| वेस्कोट, जी.एच्. | *कबीर एण्ड दि कबीर पन्थ*, १६०७, सुशिल गुप्त लि., १६६५ |
| टाकुर, रवीन्द्रनाथ : | *वान हन्ड्रेड पोइम्स आफ कबीर*, म्याकमिलन एण्ड कम्पनी, प्रथम संस्करण, १६१५ |

116971
8/12/04

कबीर, जसको उदय पन्ध्रौं शताब्दीमा भएको थियो, सम्भवतः हिन्दी साहित्यको प्रारम्भिक कालका महानतम गीति-कवि अनि रहस्यवादी थिए । उनका कविता अनि दर्शनले आउने शताब्दीहरूमा हिन्दी साहित्यमा मात्र नभएर उत्तर भारतको जनसाधारणमा पनि अमेट छाप छाड़ेका छन् । हिन्दू र इस्लामको अर्थहीन कर्मकाण्ड र रीतिथितिको आलोचना गरेर दुवै धर्मलाई निकटमा ल्याए । दुवै धर्मको अन्तिम लक्ष्य एउटै हो भन्ने कुरा प्रचार गरे ।

यो पुस्तिकाको प्रारम्भमा डॉ. प्रभाकर माचवेले कबीरको जीवनका मूल कुराहरूका आलोचनात्मक लेखाजोखा गरेका छन् अनि उनको दार्शनिक रहस्यवादप्रतिको योगदानको विवरण प्रस्तुत गरेका छन् ।त्यसपछि कबीरका कविताक
र साहित्यको सम्बर्द्धनमा कबीरको स्थान

Library IIAS, Shimla
N 811.21 K 112 M
00116971

ISBN 81-7201-984-X

पन्द्रह रुपियाँ